# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# बेनीघाट रोराङ्ग गाउँपालिका, धादिंग




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूमा सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश

पत्र संख्या: २०७८।७९
च.नं. ५७०

मिति: २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बेनीघाट रोराङ्ग गाउँपालिका, धादिंग ।

**कैफियत सहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड १९ लाख ५९ हजार बेरुजू देखिएको छ। उक्त बेरुजू मध्ये असुल गर्नुपर्ने रू.३ लाख ६७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६६ लाख ५५ हजार, नियमित गर्नुपर्ने रू.१ हजार ४७ लाख २ हजार र पेश्की रू.२ लाख ३५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ६ करोड ३८ लाख ६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड ४८ लाख ६९ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ** संलग्न छ ।
३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# बेनीघाट रोराङ्ग गाउँपालिका, धादिंग

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८८ | २९ | २१९५९ | ० | ० | ० | ८८ | २९ | २१९५९ | ३६७ | १४७०२ | ६६५५ | ० | ० | २१३५८ | २३५ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | ६३८०६ | ० | २०८९६ | ४२९१० | ० | २१९५९ | ६४८६९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बेनीघाट रोराङ्ग गाउँपालिका, धादिंग , बेनिघाट रोराङ गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मण प्रसाद भट्टराई | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सन्तोष अर्याल | २०७७-४-१ | |
| | | बेरुजु रकम | २१,९५९,२०४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५,१२,५८,९४७.४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४२,८६,७९,४२२.५७ | चालु खर्च | ४०,२७,४६,४५९ |
| प्रदेश सरकारबाट अनुदान | ६,९३,९९,९२९ | पूँजीगत खर्च | २२,६१,९९,८६७ |
| राजश्व बाँडफाँट | ११,७०,८३,२६८ | वित्तीय/अन्य व्यवस्था | १,६०,६५,९१६.५६ |
| आन्तरिक आय | १,५९,२५,२११ | | |
| अन्य आय | २,०४,७०,८४०.१३ | | |
| कुल आय | ६५,१५,५८,६७०.७ | कुल खर्च | ६४,५०,१२,२४२.५६ |
| बाँकी मौज्दात | | ५,७८,०५,३७५.७२ | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत १० वडा, ५१ सभा सदस्य, २०६.५२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१ हजार ४७५ जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानीय संचित कोष** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ । | |

| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ९२,९५,६६,४२४.१३ | ६५,१५,५८,६७०.८८ | ६५,१५,५८,६७०.८८ | ७३,५५,२२,०९६.४३ | ७३,५५,२२,०९६.४३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ९१,३५,८२,७८२ | ६३,१०,८७,८३१.७५ | ६३,१०,८७,८३१.७५ | ६१,३०,६४,३३०.३० | ६१,३०,६४,३३०.३० |
| ११००० कर | १२,५०,०१,०१० | ११,२९,८९,७७९.२८ | ११,२९,८९,७७९.२८ | ९,१०,०६,७३८.३३ | ९,१०,०६,७३८.३३ |
| १३००० अनुदान | ५३,४७,११,७८२ | ४९,८०,७९,३५१.५७ | ४९,८०,७९,३५१.५७ | ४८,७८,२७,००० | ४८,७८,२७,००० |
| संघीय सरकार | ४४,९१,९८,७८२ | ४२,८६,७९,४२२.५७ | ४२,८६,७९,४२२.५७ | ४४,४७,८०,००० | ४४,४७,८०,००० |
| प्रदेश सरकार | ८,५५,१३,००० | ६,९३,९९,९२९ | ६,९३,९९,९२९ | ४,३०,४७,००० | ४,३०,४७,००० |
| १४००० अन्य राजस्व | २५,३७,६९,९९० | १,९६,९४,७६२.९० | १,९६,९४,७६२.९० | ३,४२,३०,५९१.९७ | ३,४२,३०,५९१.९७ |
| १५००० विविध प्राप्ति | १,००,००० | ३,२३,९३८ | ३,२३,९३८ | ० | ० |
| ख. अन्य प्राप्ति | १,५९,८३,६४२.१३ | २,०४,७०,८३९.१३ | २,०४,७०,८३९.१३ | १२,२४,५७,७६६.१३ | १२,२४,५७,७६६.१३ |
| कोषहरु | १,५९,८३,६४२.१३ | १,३३,३२,०६९.१३ | १,३३,३२,०६९.१३ | १,२१,६१,२१०.१३ | १,२१,६१,२१०.१३ |
| धरौटी | ० | ७१,३८,७७० | ७१,३८,७७० | ५५,२४,३२६ | ५५,२४,३२६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | १०,४७,७२,२३० | १०,४७,७२,२३० |
| भुक्तानी (ग+घ) | ९३,०५,६६,४२४.१३ | ६४,५०,१२,२४२.५६ | ६४,५०,१२,२४२.५६ | ७२,२९,६१,२२६.१८ | ७२,२९,६१,२२६.१८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ९१,४५,८२,७८२ | ६२,८९,४६,३२६.५६ | ६२,८९,४६,३२६.५६ | ६०,५८,१२,२८५.१८ | ६०,५८,१२,२८५.१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १४,४९,९०,४२० | १३,००,३१,६३६.३९ | १३,००,३१,६३६.३९ | १६,२१,९६,७७७.५३ | १६,२१,९६,७७७.५३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | २४,७८,५५,२८२ | २०,५४,९२,०६०.१७ | २०,५४,९२,०६०.१७ | ५,६६,८६,४४०.३० | ५,६६,८६,४४०.३० |
| २५००० सहायता (Subsidy) | ६,००,६२,५८० | ४,४८,९५,८१४ | ४,४८,९५,८१४ | ६,६६,१७,९०७.१० | ६,६६,१७,९०७.१० |
| २६००० अनुदान | ३८,०८,००० | ३८,०८,००० | ३८,०८,००० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १,३७,०९,००० | ७२,३७,६९५ | ७२,३७,६९५ | १,१२,१७,८९१ | १,१२,१७,८९१ |
| २८००० अन्य खर्च | १,५७,२४,१६० | १,१२,८१,२५४ | १,१२,८१,२५४ | २६,४१,२४९ | २६,४१,२४९ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ४२,८४,३३,३४० | २२,६१,९९,८६७ | २२,६१,९९,८६७ | ३०,६४,५२,०२०.२५ | ३०,६४,५२,०२०.२५ |
| घ. अन्य भूक्तानी | १,५९,८३,६४२.१३ | १,६०,६५,९१६ | १,६०,६५,९१६ | ७२,२९,६१,२२६.१८ | ७२,२९,६१,२२६.१८ |
| कोषहरु | १,५९,८३,६४२.१३ | १,२७,२३,८६४ | १,२७,२३,८६४ | १,१६,४४,६६१ | १,१६,४४,६६१ |
| धरौटी | ० | ३३,४२,०५२ | ३३,४२,०५२ | ७,३२,०५० | ७,३२,०५० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | १०,४७,७२,२३० | १०,४७,७२,२३० |
| ङ. यो वर्षको बचत (न्युन) | (१०,००,०००) | ६५,४६,४२८.३२ | ६५,४६,४२८.३२ | १,२५,६०,८७०.२५ | १,२५,६०,८७०.२५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५,१२,५८,९४७.४० | ५,१२,५८,९४७.४० | ४,४९,२३,५९४.२६ | ४,४९,२३,५९४.२६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (१०,००,०००) | ५,७८,०५,३७५.७२ | ५,७८,०५,३७५.७२ | ५,७४,८४,४६४.५१ | ५,७४,८४,४६४.५१ |
| बैंक तथा नगद बाकी | | ५,७८,०५,३७५.७२ | ५,७८,०५,३७५.७२ | १,६०,५६,२७४.९३ | १,६०,५६,२७४. |

गौउपालिकाले पेश गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरु निम्नानुसार रहेका छन्:

| सि.न. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | स्थानीय पूर्वाधार विकास साझेदारी | 6,638,750.00 | 6,638,750.00 |
| २ | प्रवेश पूर्वाधार विकास कार्यक्रम | 14,500,000.00 | 14,469,025.00 |
| ३ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 8,500,000.00 | 00 |
| ४ | गरिबसँग विश्वेवर कार्यक्रम | 546,000.00 | 525,270.00 |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ५ | सामाजिक सुरक्षा तथा सरक्षण कार्यक्रम | 85,961,000.00 | 85,852,663.00 |
| ६ | भुमि व्यवस्था तथा सहकारी मन्त्रालय | 4,500,000.00 | 4,396,900.00 |
| | जम्मा | 120,645,750.00 | 111,882,608.00 |

३

**लेखापरीक्षण सीमा**

उल्लेखित आर्थिक कारोवारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

४

**फिर्ता दाखिला**

आर्थिक वर्ष २०७७/०७८ मा निकासा मध्ये बाँकी रहेको सङ्घीय सशर्त र विशेषअनुदानतर्फको रु. १४१०७७२४।४३ , प्रदेश सशर्त र समपूरकअनुदानतर्फको रु ११३३२८६१ समेत कुल रु. २५४४०४८५।४३ राष्ट्रिय वाणिज्य बैंक, मलेखु शाखामा ०७८।३।२८ र ३।२९ मा फिर्ता दाखिला भएको छ ।

५

**सेवा प्रवाह**

लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ. व. २०७७।७८ मा गाउँपालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| सि. नं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस सख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिश | ७५८ | ७५८ |
| २ | घरबाटो सिफारिश | ६६३ | ६६३ |
| ३ | विवाह दर्ता | १९७ | १९७ |
| ४ | जन्म, मृत्यु दर्ता | १०७० | १०७० |
| ५ | बसाइ सराइ | अ०एको २० गएको ८७ | अ०एको २० गएको ८७ |
| ६ | अन्य | ५८९० | ५८९० |
| ७ | नाता प्रमाणीत | ४२५ | ४२५ |

६

**वित्तीय विवरण**

यस गाउँपालिकाको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्:

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.१ | | | **चौमासिक प्रगति विवरण** - आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो बमोजिम चौमासिक विवरण बनाई पेश गरेको पाइएन । कानूनको परिपालना हुनुपर्दछ । | |
| ६.२ | | | **कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कल्याण कोष खातामा गत वर्षको मौज्दात रु. १०७२००।- रहेकोमा कारोबार भएको देखिएन । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको बजेट व्यवस्था भएको देखिएन । | |
| ६.३ | | | **(क) वित्तीय विवरण विश्लेषण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS Based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः .<br><br>• कतिपय बैंक खाताहरु श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुठ हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br><br>• प्राप्त वितीय विवरणको अनुसूची-२४ मा बैक कारोवारमा बर्षान्तको बाकी रु. ३५५९९३२४।- र अनुसूची-२४ अनुसारको नगद तथा बैक बाँकी रु. ५७८०५३७५।- मई बैक रु. २२२०६०५१।- ले बढी देखिएको वित्तीय विवरणले देखाउदछ । अनुसूची-२४ मा देखाएको बैंक तथा नगद बाँकी रु.५७८०५३७५।- मध्ये विभाज्य कोष खातामा रु.२२२०६०५१।- बैंक कारोबारमा भिन्नता भन्ने उल्लेख छ । यस सम्वन्धमा पुष्ट्याई प्राप्त नभएकोले हिसाव यकिन हुनुपर्दछ ।<br><br>• NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनबीच समरुपता देखिँदैन ।<br><br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सबै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन ।<br><br>• पालिकाको सञ्चितकोषको बैंक नगदी किताब अनुसार रु. ६६३६९८४६०।- खर्च देखिएकोमा वित्तीय प्रतिवेदनमा रु. ६२८९४६३२६।- देखिन्छ । बैंक नगदी किताब र वित्तीय प्रतिवेदन बीच रु. ३४७५२१३४।- ले फरक देखिएको छ । फरक रकम मध्ये को ले नि का बाट अनुदान फिर्ता रु २९३६२९८८घटाउदा समेत रु ५३८९१४६फरक सम्बन्धमा यकिन गर्नुपर्दछ ।<br><br>लेखापरीक्षणका क्रममा वित्तीय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।<br><br>**(ख) बैंक हिसाब मिलान** - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको | |



https://nams.oag.gov.np

नम्बर

बैंक हिसाब मिलान विवरण एकमुष्ठ गरेको तर मासीक रुपमा तयार गरेको पाइएना ।बैंक हिसाब मिलान मासीक रुपमा तयार गर्नुपर्दछ ।लेखापरीक्षणको क्रममा २०७८ असार मसान्तको श्रेस्ता र बैंक स्टेटमेन्ट अनुसारको हिसाब मिलान विवरण देहाय बमोजिम रहेको छ ।

| सि न | खाताको नाम | स्रेस्ता अनुसार बाँकि | बैंक स्टेटमेन्ट अनुसार बाँकि | फरक |
|---|---|---|---|---|
| १ | कर्मचारी कल्याण कोष 0830094636300048 | 107,200.00 | 107,200.00 | |
| २ | चालु खर्च जोर बर्ष 830094636300020 | 2,000,677.00 | 3,136,599.70 | |
| ३ | पुँजीगत खर्च जोर बर्ष830094636300039 | 2,530,661.51 | 10,749,394.81 | |
| ४ | विविध खर्च खाता830094636300048 | 511,850.00 | 850,305.50 | |
| ५ | स्थानीय तह धरौटी खाता 830094636300048 | 10,475,608.00 | 10,475,608.00 | |
| ६ | स्थानीय तह सन्चित कोष 830094636300031 | 19,984,172.88 | 19,984,172.88 | |
| ७ | बिपद व्यावस्थापन कोष 830094636300071 | 96,355.13 | 1,423,704.03 | |
| ८ | **जम्मा** | **35,706,524.52** | **46,726,984.92** | ११०२०४६०१४ |

६.४ **जिम्मेवारी** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु. २२२९००२८।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ५१२५८९४७।- जिम्मेवारी सारेको देखियो । जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२८९६८९१८।- बढी जिम्मेवारी सरेको सम्बन्धमा यकीन गर्नुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली**

यस गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्:

७.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशील बमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा सो नगरेको



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा नगरेको<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका २३७ उपभोक्ता समितिहरूबाट करीव रू.२१ करोड खर्च भएकोमा उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको र त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार नबनेको र त्यस्ता समितिहरुले आय-व्ययको लेखापरीक्षणसमेत नगराएको<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरे नगरेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक नगरेको<br>• अधुरा आयोजनाको समीक्षा नगरेको<br>• योजना कार्यान्वयनको कार्यतालिका नबनाएको ।<br>• ठेक्काको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको<br>• उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेको र हाल सम्मको परिणाम र खर्च देखिने एकीकृत नापी किताब प्रयोगमा नल्याएको<br>• आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको<br>• दीगो विकास योजनालाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण नगरेको<br>• सार्वजनिक खरिद नियमावली नबनाएको | |

| क्र्म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री निर्माण ज्याला भाडा महशूल लगायतको न्यूनतम दररेट नतोकेको<br>• कुनै रकमको भुक्तानी दिंदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुममा सिलसिलेवार नम्बर राखी कार्यलय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो नगरेको<br>• उपभोक्ता समितिबाट गरिएका धेरै काममा खर्चका प्रमाण परीक्षण गर्दा केहीमा मू.अ.करमा दर्ता नभएका फर्मको बिल राखेको र तोकिएको समयमा नै कार्य सम्पन्न हुने नगरेको ।<br>• निजामती सेवा, २०४९ बमोजिम कार्य विवरण बनाई लागू नगरेको<br>• कन्टेन्जेन्सी हिसावको अभिलेख नराखेको<br>• डोजर सञ्चालनको आम्दानी तथा खर्च अभिलेख नराखेको<br>• पालिकाका कर्मचारीहरु मात्र बैठक बसेकोमा समेत बैठक भत्ता भुक्तानी गरेको<br>• विद्यालयले गरेको खर्चको भुक्तानीमा बिलभरपाईहरु सक्कल नराखेको<br>• विभिन्न समितिहरु गठन भई बैठक भत्ता खर्च लेखेकोमा समिति भन्दा आमन्त्रित धेरै रहेको ।<br>• सहायक जिन्सी खाता नराखेको<br>• भुक्तानीको लागि भर्पाई र आवश्यक कागजात संलग्न गरी प्राविधिक तथा अन्य शाखाबाट भुक्तानी कारोबारको सिफारिस पत्र (म.ले.प.फा. नं. 202) सिफारिस भई आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि भुक्तानी गर्नुपर्ने व्यवस्था नमिलाएको ।<br>• सामान खरिद गर्दा तयार गरिने लागत अनुमानको आधार संलग्न गर्नुपर्नेमा नगरेको ।<br>• सवारी साधन मर्मत गर्दा लागत अनुमान बनाई मर्मत आदेश लिनुपर्नेमा नलिएको ।<br>• प्राविधिक जाँचपास कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरुमा स्वीकृत मितिहरु उल्लेख गर्नुपर्नेमा नगरेको ।<br>• अनुदान र आर्थिक सहायताको मापदण्ड बनाउनुपर्ने,<br>• बैठकको माइन्युटमा समय उल्लेख गर्ने,<br>• इन्धन खर्चको लगबुक तयार गरी गोश्वारा भौचर साथ राख्नुपर्ने, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७(२)अनुसार पालिकाले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई सोको प्रतिवेदन प्राप्त गरेकोमा उक्त प्रतिवेदनमा औंल्याइएका बेरुजु व्यहोरा फर्स्यौट गरेको पाइएन । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु समयमै नियमानुसार फर्स्यौट गराउनु पर्दछ ।<br><br>**विद्यालयहरुको लेखापरीक्षण** - गाउँपालिका मातहतका ७४ विद्यालयहरुका लागि रु २१६८१२९७२।- निकासा खर्च गरेको छ। विद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकासा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको यकिन गर्नुपर्दछ।<br><br>**अभिलेख**- गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर व्यवस्थित रुपमा राख्नुपर्दछ । | |
| ७.२ | | | **सूचना प्रविधि पद्दति** - सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसँग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसँग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:<br><br>• सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको | |
| ७.३ | | | **म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दति** - सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक रुपमा राखेको पाइएन । तोकिएको फारमहरुको अभिलेख अद्यावधिक राख्नुपर्दछ । | |
| ७.४ | | | **भ्रमण अभिलेख** - भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ९०७, ९०८ र ९०९ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख तथा प्रतिवेदन राखेको पाइएन । तोकिएको फारमहरु प्रयोग गरी अभिलेख राख्नुपर्दछ । | |
| ७.५ | | | **बेरुजु लगतः** बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख अनुसार म. ले. प. फाराम अद्यावधिक राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.६ | | | **धरौटी**-सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा रिटेन्शन भनी भुक्तानी गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भएपछी भुक्तानी दिईने व्यावस्था छ। पालिकाले टाईम्लि कन्ट्रक्सन प्रालीको धरौटी फिर्ता रु ५४५५२ मा मु. अ.कर समायोजन गरेको विवरण संलग्न गरेको पाइएन। मु.अ. कर समायोजन पेश हुनुपर्ने रु. | ५४,५५२ |
| ८ | | | **सम्पत्ति उपयोग र संरक्षण**<br>यस गाउँपालिकाको सम्पत्ति उपयोग र संरक्षण सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: | |
| ८.१ | | - | **संपति हस्तान्तरण र अभिलेख** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार, संरक्षण , हस्तान्तरण र अभिलेख राख्नुपर्दछ। गाउँपालिकाले साविकको कार्यालयको सम्पत्ति हस्तान्तरण र अभिलेख अद्याविक नगरेको र वडा कार्यालयमा रहेको जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन। जिन्सी खातामा मालसामानहरुको मूल्य समेत आंशिक मात्र खुलेकोले अभिलेख अद्यावधिक हुनुपर्दछ। | - |
| ८.२ | | | **जिन्सी लगत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्नेमा सो गरेको पाइएन। पालिकाले नियमानुसार जिन्सी लगत तयार गर्नुपर्दछ। | |
| ८.३ | | | **सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्ति र जग्गा एवं मर्मत सम्भार तथा संरक्षणको अभिलेख नरहेको, सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनेको र संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन गरेको पाइएन। गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी/गराइ अभिलेख राख्नुपर्दछ। | |
| ९ | | | **कानून निर्माण एवं कार्यान्वियन** | |
| ९.१ | | | **कानून निर्माण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २१ ऐन, ५ नियमावली, २४ कार्यविधि निर्देशिका समेत ५० कानून निर्माण भएको देखिन्छ।निर्माण भएका सबै कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा रहेका छन्। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.२ | | | **न्याय सम्पादन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी र यो वर्ष थप भएको २८ विवाद दर्तामा २५ वटा मात्र फस्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | | | **बजेट तथा कार्यक्रम**<br>यस गाउँपालिकाको बजेट तथा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्; | |
| १०.१ | | | **बजेट तथा अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री देवि प्रसाद सिलवालले २०७७।३।१० गते रु. ९१ करोड ४५ लाख ८२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १०.२ | | | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु. १८ लाख ५० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम वडास्तरीय निर्णयबाट देहाय बमोजिमको खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | अबण्डा शीर्षक | रकम (रु. हजारमा) | अबण्डाबाट खर्च |
|---|---|---|---|
| १ | विविध वडा नं. १ | १५० | पुँजीगत |
| २ | विविध वडा नं. ३ | ५०० | पुँजीगत |
| ३ | विविध वडा नं. ५ | ७०० | पुँजीगत |
| ४ | विविध वडा नं. ८ | ३०० | पुँजीगत |
| ५ | विविध वडा नं. १० | २०० | पुँजीगत |
| जम्मा | | १८५० | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.३ | | | **रकमान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । गाउँ सभाको निर्णयानुसार कार्यपालिकाले विभिन्न मौजुदा २२ कार्यक्रमबाट रु. १ करोड ५ लाख २४ हजार रकमान्तर गरी विभिन्न २४ नयाँ तथा पुराना कार्यक्रममा रु. २ करोड ३१ लाख ५१ हजार कार्यक्रम संशोधन गरी रकम खर्च गरेको देखिएको छ। | |
| १०.४ | | | **क्रमागत योजना**- सरकारी निकायले गत बर्षको भुक्तानी गर्दा यस बर्षको कार्यलाई असर नपर्ने गरी भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित भएको अवस्थामा मात्र भुक्तानी गर्नुपर्छ । पालिकाले यस बर्ष गत आ. व. को भुक्तानी बाँकी क्रमागत योजनाको विनियोजन ऐन मार्फत चालु आ.व.मा एकमुष्ठ योजना हस्तान्तरण र बजेट व्यवस्था गरी विभिन्न १३३ योजना मध्ये ९७योजनाको लागि रु. ५००९४५५८।- भुक्तानी गरेको देखिन्छ । उक्त भुक्तानी रकमको भुक्तानी बाँकीको प्रमाणित कच्चावरी वेगर भुक्तानी गरेको देखियो । भुक्तानी बाँकीको कच्चावारी वेगर भुक्तानी गरेको उचित देखिएन । | |
| १०.५ | | | **बजेट मार्गदर्शन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको देखिन्छ तर समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेमा सो गरेको पाइएन । कानूनको परिपालना हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.६</td><td></td><td></td><td>योजना छनौट तथा कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष १५ ठेक्का तथा २३७ उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम (रु हजारमा)</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>४२</td><td>३३७०</td></tr>
<tr><td>२</td><td>रु १ लाख एक देखि ५ लाख सम्मका योजना</td><td>११९</td><td>३६६००</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>३७</td><td>३१३००</td></tr>
<tr><td>४</td><td>रु १० लाख देखि५० लाख सम्मका योजना</td><td>३८</td><td>७९५९५</td></tr>
<tr><td></td><td>५० लाख माथिका योजना</td><td>१६</td><td>३५६१८७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५२</td><td>५०७०५२</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०.७</td><td></td><td></td><td>अधुरा आयोजना – पालिकाले योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष २५२ मध्ये ५८ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यसरी योजना सम्झौता गरी सम्पन्न हुन नसकी अधुरो रहन गएको उपयुक्त देखिएन ।</td><td></td></tr>
<tr><td>१०.८</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>११७९६१७४२</td><td>७८५१००१८</td><td>१२.४८</td></tr>
</table></td><td></td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| सामाजिक क्षेत्र | ३७१३७७५४० | २९३५८३०३८ | ४६.६७ |
| पूर्वाधार विकास क्षेत्र | २३३५२५३४० | १५४९७६४८९ | २४.६४ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ३८०३६००० | २४४६८३४७ | ३८.९० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १५४५८२१६० | ७६४०८४३३ | १२.१४ |
| जम्मा | ९१४५८२७८२ | ६२८९४६३२६ | १०० |

**(क) खर्च विश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १५९२५२११।- राजस्व बाँडफाँड र अनुदानबाट रु ६४५३८३४१५।- र अन्य समेत रु ६५१५५८६७०।- आम्दानी भएकोमा चालुतर्फ रु ४०२७४६४५९।- र पुँजीगततर्फ रु २२६१९९८६७।- समेत रु ६४२४८१८७४।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ७४२८००० खर्च भएको छ जुन आन्तरिक आयको ४६.६४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.४० प्रतिशत चालु र ३५.०४ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

**(ख) आन्तरिक आयको तुलनामा प्रशासनीक खर्च -** लेखापरीक्षण लाई प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरिक आम्दानी रु. १५९२५२११।- रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु ७६४०८४३३।- रहेको छ । आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा ४.७९ गुणा बढी रहेको छ । पालिकाले आन्तरीक आम्दानीको थप स्रोतहरु बढाउन पहल गर्नुपर्दछ ।

**(ग) चौमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यन्वय गर्ने कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । साथै पालिकाले स्वीकृत भएको कार्यक्रम बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| पुँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| पुँजीगत कूल खर्च | २२६१९९ | ७७७५९ | ४८९८१ | ९४९५८ | ८५५४२ |
| खर्च प्रतिशत | १०० | ४४.३७ | २१.६५ | ४१.९७ | ३७.८१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.९ | | | **अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रोफाइल तयार गरेको पाइएन । ऐन नियमको पालना हुनुपर्दछ । | |
| १०.१० | | | **वार्षिक प्रगति विवरण** - पालिकाले चौमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, प्रदेशस्तर, जिल्लास्तर तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्दछ । पालिकाको सञ्चालित योजनाहरुको प्रगति विवरण पेश हुन आएन । सञ्चालित योजनाहरुको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सोको विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजीम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ । | |
| ११ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन**<br>यस गाउँपालिकाको संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: | |
| ११.१ | | | **स्वीकृत दरवन्दी र पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति हुनुपर्ने व्यवस्था छ । पालिकामा कुल दरबन्दी संख्या ७१ रहेकोमा ४५ पदपूर्ति भएको छ । दरबन्दी बमोजिमको पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ११.२ | | | **करार सेवा** - स्थानीय सरकार ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोजको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको आवश्यकताको आधारमा ८० जना कर्मचारीहरु करारमा राखी वर्षभरीमा करार सेवा शुल्क खर्च शीर्षकबाट रु. १४६०२७४३।- खर्च लेखेको देखियो । त्यसैगरी सोही ऐनको दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी सवारी चालक, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकिदार, मालि, बँगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले उल्लेखित पद बाहेकको विभिन्न ६ पदमा १९ जना कार्यपालिकाको सिफारिसमा गाउँसभाको अनुमोदनबाट करार नियुक्ति गरी वर्षभरीमा रु. ७१३८२००।- भुक्तानी गरेको देखिएको छ । | |
| ११.३ | | | **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले वर्षभरिमा गाउँपालिकाले रु. १३५३४२१२ तलबी प्रतिवेदन पारित नभई तलब खर्च लेखेको पाइयो । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्दछ । | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.४ | | | **प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले कानून नबनाई यो वर्ष गाउँ कार्यपालिकाको निर्णय र गाउँसभाबाट अनुमोदन गराई २८ जना कर्मचारीहरुलाई कोभिड प्रोत्साहत भत्ता वापत रु. ५४९०००।- खर्च लेखेको देखिन्छ । | |
| ११.५ | | | **स्वीकृत दरवन्दी वाहिर करार सेवा -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने उल्लेख छ। पालिकाले सेवा करारमा राख्न नमिल्ने देहायका पदहरुमा करारमा कर्मचारी राखी रु. ११९८४५२०.०० खर्च लेखेको नियमसम्मत नदेखिएको रु. | ११,९८४,५२० |

| सि.न. | विवरण | संख्या | रकम |
|---|---|---|---|
| १ | ईन्जीनियर | १ | ४३१८८० |
| २ | कम्प्युटर अपरेटर | १ | ३१९३२० |
| ३ | अमिन | १ | ३१९३० |
| ४ | सा.प. | ४ | १२७७२८० |
| ५ | कार्यालय सहयोगी | १८ | ४२०७६८० |
| ६ | कार्यालय सहायक | २ | ६३८६४० |
| ७ | स्वास्थ्य तर्फ | १५ | ४७८९८०० |
| | जम्मा | ४२ | ११६९६५३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **अनुदान प्राप्ती, वितरण र उपयोग**<br>यस गाउँपालिकाको अनुदान प्राप्ती, वितरण र उपयोग सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.१ | | | **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस पालिकाले औषधि उपचार प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्तिलाई रु. ६८८३१५ र अन्य सहायता रु. २८७८० समेत रु. ७१७०९५ आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १२.२ | | | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, अनुदानमा रु.२०४९००० ।- खर्च लेखेको छ । तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । केही उदाहरणहरु | |

| सि.नं. | अनुदान वितरण | रकम |
|---|---|---|
| 1 | जे.एम. पशुपालन फर्म | 97,000.00 |
| 2 | घिमिरे कृषि फर्म | 291,000.00 |
| 3 | ठकुरी पशुपालन फर्म | 388,000.00 |
| 4 | कृष्ण कि तथा पशुपंक्षी फर्म | 48,500.00 |
| 5 | विमल कृषि तथा पशुपंक्षी फर्म | 48,500.00 |
| 6 | चेपाङ बाख्रा फर्म | 24,250.00 |
| 7 | लोहनी कुखुरा फर्म | 24,250.00 |
| 8 | विर कृषि तथा पशुपालन फर्म | 24,250.00 |
| 9 | शेर कृषि तथा पशुपालन फर्म | 24,250.00 |
| 10 | सुजन कृषि फर्म | 24,250.00 |
| 11 | रोराङ नमूना कृषि तथा पशुपालन फर्म | 291,000.00 |
| 12 | शंखादेवी कृषि फर्म | 97,000.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | |
|---|---|---|
| 13 | जेवी कृषि तथा पशु फर्म | 97,000.00 |
| 14 | सिताराम कृषि तथा पशु फर्म | 48,500.00 |
| 15 | गौली कृषि फर्म | 97,000.00 |
| 16 | मलेखु महिला लोकल फर्म | 100,000.00 |
| 17 | सुमन कृषि तथा पशुपंक्षी फर्म | 24,250.00 |
| 18 | बाख्रा वितरण दियालो साना किसान स.स.ल. ३५ जना | 300,000.00 |
| | जम्मा | 2,049,000.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| १२.३ | | | **नाफामूलक संस्थालाई अनुदान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ४ नाफामूलक संस्थाको लागि रु ४७८९००० ।- अनुदान उपलब्ध गराएका छन् । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन । |

| सि.न. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | दियालो साना किसान सहकारी संस्था | अनुदान वाख्रा उत्पादन प्रोत्साहन | २८९००० |
| २ | अश्रे कृषि वहुउदेश्य सहकारी संस्था | भवन निर्माण | २००००० |
| ३ | देवीस्थान दुग्ध उत्पादन सहकारी संस्था | भवन निर्माण | ४००००० |
| ४ | जनज्योती बहुउदेश्यीय सहकारी संस्था | भवन निर्माण | १०००००० |
| ५ | कृषक सुधार फलफूल सहकारी संस्था | ट्रस निर्माण | ८५०००० |
| ६ | ब्राईट फ्युचर सहकारी संस्था | भवन निर्माण | १५००००० |
| ७ | सक्रिय साना किसान सहकारी संस्था | भवन निर्माण | २००००० |
| ८ | जनज्योती सहकारी संस्था | भवन निर्माण | ५०००० |
| ९ | जंगला मंगला महिला सहकारी | भवन निर्माण | ३००००० |
| | जम्मा | | ४७८९००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| १३ | | | **राजस्व आन्तरिक नियन्त्रण**<br>यस गाउँपालिकाको राजश्व आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.१ | | | **आय अभिलेख** - पालिकाले आय प्राप्तिका लागि भएका (बहाल, लाइसेन्स, शुल्क जस्ता) सम्झौताहरु उचित तरिकाले नराखेको, सम्झौताहरु अद्यावधिक नभएको र अभिलेख सही तरिकाले नराखिएको, आय प्राप्तिका लागि भएका (बहाल, लाइसेन्स, शुल्क जस्ता) सम्झौताहरु सुरक्षित तरिकाले नराखेको अवस्था देखिएको छ । पालिकाले आय प्राप्तीका कागजातहरु व्यवस्थित रुपमा राख्नुपर्दछ । | |
| १३.२ | | | **श्रोत लेखाङ्कन** - पालिकाले राजस्वका सबै श्रोतहरु उचित तरीकाले लेखाङ्कन गर्नुपर्दछ । पालिकाले पालिका क्षेत्रभित्रको भवन, टहरा, जग्गा, पोखरी आदिको बहाल ,रोयल्टी वा लाइसेन्स वा यस्तै प्रकारका शुल्क, होर्डिङ्ग बोर्ड, पार्क लगायतबाट हुने शुल्क र अन्य सम्भाव्य आयका श्रोतहरुको लेखाङ्कन तथा अभिलेख गरेको पाइएन । राजस्वका सबै श्रोतहरु लेखाङ्कन गर्नुपर्दछ । | |
| १३.३ | | | **राजस्व लगत** - पालिकाले प्राप्त गर्नुपर्ने राजश्वको लगत अद्यावधिक राख्नुपर्नेमा अभिलेख राखेको पाइएन । गत विगतको समेत कुनै राजश्व प्राप्त गर्नुपर्ने भए सो समेतको लगत अद्यावधिक गरी राख्नुपर्दछ । | |
| १३.४ | | | व्यवसाय कर – स्थानीयत सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा व्यवसाय कर उठाउन पाउने व्यवस्था छ ।पालिकाको वित्तीय विवरण अनुसार यस वर्ष रु.२६५८८८० व्यवसायीक कर प्राप्ति भएको देखिएकोमा पालिका क्षेत्र भित्रका के कति व्यवसाय दर्ता तथा नविकरण हुन बाँकी छन् । सो को अभिलेख अद्यावधिक गरी राखेको पाइएन । पालिका अन्तर्गतका व्यवसायहरुको दर्ता तथा नविकरण कर समयमा प्राप्ति नभएमा ताकेता समेत नगरी अभिलेख अद्यावधिक राख्नुपर्दछ। | |
| १३.५ | | | ऐनको अधिकार अन्तर्गत जारी गरिएका नियम, निर्देशिका वा परिपत्रहरुहरुले आवश्यकता अनुसार नियमित रुपमा अद्यावधिक हुने नगरेको देखिन्छ । | |
| १४ | | | **खरिद व्यवस्थापन**<br>यस गाउँपालिकाको खरिद सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>

**(क) सफ्टवेयर खरिद** – नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन) निर्देशिका, २०७१ को बुदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विधुतीय माध्यामवाट संचालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष योजना र राजश्र व्यवस्थापन सफ्टवेयर नविकरणमा रु. ६३७४५।- खर्च गरेकोमा सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर विभागवाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

**(ख) टुक्रा गरी खरिद** – सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकापालिकाले पालिकाको देहाय बमोजिमको निर्माण कार्य टुक्रा गरी रु८५०९९१ को खरिद गरेको देखिन्छ । एउटै कार्यक्रमलाई टुक्रा गरी खरिद गर्ने व्यवस्थामा नियन्त्रण हुनुपर्दछ । कही उदाहरणहरु

<table>
<tr><th>कार्यक्रम</th><th>गौ.भौ.नं. र मिति</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>विपद</td><td>3/2077/06/16</td><td>रेश्मी एण्ड विगु हार्डवेयर प्रा.लि.</td><td>145000.00</td></tr>
<tr><td>विपद</td><td>4/2077/07/04</td><td>आकास सप्लायर्स</td><td>230411.00</td></tr>
<tr><td>विपद</td><td>6/2077/07/05</td><td>विष्णु प्लाष्टीक उद्योग</td><td>265700.00</td></tr>
<tr><td>विपद</td><td>13/2077/11/10</td><td>श्री बराकोटी ग्लास, एण्ड जनरल सप्लायर्स</td><td>62000.00</td></tr>
<tr><td>विपद</td><td>43/2078/0909</td><td>आकास सप्लायर्स</td><td>147880.00</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>850991.00</td></tr>
</table>

**(ग)पाइप खरिद तथा वितरण**-लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार यस वर्ष विभिन्न एच.डि.पि. पाइप ५१२८६ मिटर रु. १८७७३१६।- मूल्यको खरिद गरी सबै खर्च लेखेको देखियो । पालिकाले खरिद गरेको पाइप वडा कार्यालयको सिफारिस र तोक आदेशका आधारमा वितरण गरेकोमा खरिद अनुसारको विवरण तथा हस्तान्तरण भर्पाइको अवधिक वितरणको अभिलेख नहुँदा खरिद भएका सबै पाइप वितरण भयो वा मौज्दात छन स्पष्ट अभिलेख नदेखिएकोले यस सम्बन्धमा स्पष्ट हुनुपर्दछ ।

</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.२ | | | **(क) कार्य स्वीकार प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्य आपूर्ति माल सामान तथा सेवा स्वीकार गर्दा र निर्माण गरिएको संरचनाको उद्वेश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको प्रमाणिकरण र कार्य स्वीकार प्रतिवेदन संलग्न गरेको पाइएन। नियमावलीको पालना हुनुपर्दछ।<br><br>**(ख )म्याद थप –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था सम्बन्धित खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुने व्यवस्था छ। गाउँपालिकाले गाउँसभाको २०७८।३।१० को निर्णयानुसार आ.व. २०७७।७८ को अन्त्य सम्ममा सम्झौता भए बमोजिमको कार्य सम्पन्न हुन नसकेका ५८योजनाहरूको एकमुष्ठ २०७८ पौष मसान्तसम्म एकमुष्ठ रुपमा म्याद थप गरेको देखिन्छ। | |
| १४.३ | | | **गुणस्तर परीक्षण -** सार्वजानिक निकायले निर्माण खरिद सम्झौता कार्यन्वयन गर्दा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्छ। पालिकाले यस बर्ष सञ्चालन गरेका सार्वजनिक खरिद व्यवस्थापन अन्तर्गतका समान आपूर्ति मालसमानहरु प्राप्ती गर्दा कार्यान्वियन गुणस्तर परिक्षण गरेको देखिएन। पालिकाले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर परीक्षण तथा प्रतिवेदन गरी संचालित कार्यको विश्वासनियता अभिवृद्धि गर्नुपर्दछ। | |
| १४.४ | | | **नर्म्सको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी भए त्यस्तो नर्म्स बमोजिम त्यस्तो नर्म्स नभएको अवस्थामा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। नर्म्सको प्रयोग गर्दा सकेसम्म किफायती नर्म्स प्रयोग गरी सरकारी स्रोत साधनको मितव्ययी प्रयोग गरिनु पर्दछ। गाउँपालिकाले उपभोक्ता समितिमार्फत संचालन गरी निर्माण कार्यमा डोलिडारको नर्म्स प्रयोग गरेको पाइयो। दर विश्लेषणलाई आधार मान्दा डोलिडारको भन्दा त्यही कार्यमा प्रयोग हुने सडक विभागको नर्म्स किफायती देखिन्छ। सडकको नर्म्स प्रयोग नगरी सोही अनुसार मूल्याङ्कन एवं कार्यसम्पादन प्रतिवेदन तयारका आधारमा भुक्तानी खर्च लेखेको देखिन्छ। नर्म्स प्रयोग गर्दा सस्तो एवं किफायती नर्म्स प्रयोग गर्नुपर्दछ। नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा किफायती नर्म्स प्रयोग नगरी बढी दरलको नर्म्सको आधारमा ल.ई. एवं कार्यसम्पन्न प्रतिवेदन तयार गरी निर्माण व्यवसायीलाई भुक्तानी भएकोमा पालिकालाई थप आर्थिक व्ययभार पर्न गएको केही उदाहरणहरु: | |

Comparison between DOLIDAR and DoR Norms for Rate Analysis

| S.No. | Discription | DOLIDAR Rate | DoR Rate | Mauwa Khola Sadak | | Khatauti Panchaling Sadak | | Amount | Total Amount |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Difference | Quantity | Amount | Quantity | | |
| 1 | PCC 1:2:4 (M15) grade | 13425.43 | 13380.87 | 44.56 | 2 | 89.12 | 0 | 0 | 89.12 |
| 2 | PCC 1:1:5:3 (M20) grade | 14291.04 | 14154.01 | 137.03 | 59 | 8084.77 | 52 | 7125.56 | 15210.33 |
| Grand Total | | | | | | | | | 15299.45 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय |
|---|---|---|---|
| १४.५ | | | **सार्वजनिक परीक्षण र सुनुवाई** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दीगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गरेको पाइएन। नियममा तोकिएको व्यवस्थाको परिपालना गरी सञ्चालित योजना तथा कार्यक्रमको र सेवा प्रवाहको प्रभावकारितामा जिम्मेवारी तथा जवाफदेहिता बहन गर्नुपर्दछ । |
| १५ | | | **पेश्की**<br>यस गाउँपालकाको पेश्की सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजम रहेका छन्: |
| १५.१ | | | **ढिलो फछ्र्यौट**-आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दा सम्झौतामा तोकिएको शर्त, तरीका र अवधीमा पेश्की फछ्र्यौट नगरेको, ढिलो फछ्र्यौटमा नियम ५१ बमोजिम वार्षिक १० प्रतिशतका दरले ब्याज असुल समेत नगरेको र वर्षान्तसम्मको पेश्की फछ्र्यौट गरेको देखिएन । |
| १५.२ | | | **पेश्की बाकी**- पालिकाले पेश गरेको वित्तिय प्रतिबेदन म.ले.प.फा.न. २७२ को अनुसूची २३ र सो को अभिलेख अनुसार पलिकाको कूल हालसम्मको पेश्की बाकी रु ६२५९५०६ देखीएको छ । उक्त बाकी पेश्की मध्ये गत विगत वर्षको रु १०२५००० र चालु आ.व. को रु ५२३४५०६ देखिन्छ । चालु आव को पेश्की मध्ये ओम वुद्ध ज्वालामुखी मेनस जे.भी. को रु ५०००००० म्याद नघाघेको पेश्की नियमअनुसार फछ्र्यौट हुनुपर्ने देखिन्छ । |
| १५.३ | | | **पेश्की फछ्र्यौट** - गाँउपालिकाको आ.व. को अन्त्यमा रु ५९४७१९९३।– पेश्की बाकी देखिएको छ । पालिकाको मिति ०७८।११।१८ को पत्रानुसार पेश्की फछ्र्यौट भईसकेको कायम नगरिदिने व्यहोराको अनुरोध बमोजिम पेश्कि फछ्र्यौट गरीएको छ । |

| सि.नं. | गो.भौ.नं. र मिति | रकम |
|---|---|---|
| १ | ३।०७८।६।१३ | २९६२९७८० |
| २ | ४।०७८।६।१३ | २९८४२२१३ |
| | जम्मा रकम | ५९४७१९९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.४ | | | **म्याद नाघेको पेश्की** -चालु आ.व. को पेश्की मध्ये नेपाल विधुत प्राधिकरण धादिङको रु २३४५०६ म्याद नाघेको पेश्की रकम आर्थिक कार्यविधि तथा विभिन्न वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ बमोजिम असुल फछ्यौट हुनुपर्ने रु | २३४,५०६ |
| १६ | | | **कोभिड -१९ व्यवस्थापन**<br>यस गाउँपालिकाको कोभिड-१९ तथा विपद व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: | |
| १६.१ | | | आ.व २०७७।७८ को असाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| आम्दानी स्रोत | रकम रु | खर्च शीर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी समेत स्थानीय तहको आफ्नै वजेटवाट | ४०१९४९६।१३ | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ३८५६१४ |
| संघीय कोभिड कोषवाट | १०००००० | औषधि एवं स्वास्थ्य उपकरण खरिद | ६३४८७० |
| प्रदेश कोषवाट | ३०००००० | आइसोलेसन केन्द्र निर्माण | ०० |
| अन्य स्रोतबाट | ०० | जोखिम भत्ता | ४५०००० |
| | | विपद कोष खर्च | ६४५२६५७ |
| | | बाँकी | ९६३५५।१३ |
| जम्मा | ८०१९४९६।१३ | जम्मा | ८०१९४९६।१३ |

- पालिकाले ५८ स्वास्थ्यकर्मीहरु लाई १ महिनाकव तलवको ५० प्रतिशत रकम एक पटकको जोखिम वापत रु ४५०००० भुक्तानी गरेको देखियो ।
- पालिकाले सर्जिकल माक्स सेनिटाईजर पिपिई सेट लगायतका औषधी तथा स्वास्थ्य सामाग्रीहरु रु ६३४८७० को सोझौ खरिद गरेको देखिन्छ ।
- पालिका अन्तरगत ४ सदस्यीय एक केश ईन्भेष्टिगेशन टिम गठन भई २००१ केश अनुसन्धानबाट ५६६ जना संक्रमित पहिचान गरी परामर्श तथा रिफर गरेको देखिन्छ ।
- पालिका अन्तरगत विभिन्न ३ स्थानमा ११ वेडका आइशोलेशन केन्द्र स्थापना गरी दैनिकरुपमा ५ जना र कूल संस्था २३ जना रहेको देखिन्छ । उक्त व्यावस्थापनमा रु ३८५६१४ खर्च भएको छ ।
- पालिका अन्तरगत अस्थायी कोभिड अस्पतालमा ३ जना कर्मचारि करारमा पदपूर्ति गरी रु २२७६४० तलब भत्ता भुक्तानी गरेको देखियो ।



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | |
|---|---|---|---|---|
| १६.२ | | | **समिति**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा ३० जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ११ सदस्यीय समिति गठन भएको पाइयो । ऐनमा तोकिएबमोजिम काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| १६.३ | | | **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्नुपर्नेमा सो गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| १६.४ | | | **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ बमोजिम पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १६.५ | | | **कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ८०१९४९६।१३ आम्दानी भई रु. ७९२३१४१ खर्च गरी बाँकी रु.९६३५५।१३ देखिन्छ । पालिकाले नियममा तोकिए बमोजिम कोषको सञ्चालन सम्बन्धी व्यवस्थाको नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १७ | | | **शिक्षातर्फ देखिएका व्यहोराहरु निम्नानुसार छन ।** | |
| १७.१ | | | **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.२ | | | **फरक शीर्षकबाट खर्च लेखेको -** एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या,२०७४ मा खर्च शीर्षक उल्लेख भएकोमा सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका खर्चहरु फरक शीर्षकमा खर्च लेखी भुक्तानि दिएकोले रु. १८२५५७६ नियमसंगत नदेखिएको रु | १,८२५,५७६ |

| बजेट उपशीर्षक | भौ.नं/मिति | विवरण | खर्च लेखेको | विद्यलायलाइ निकासा भएको | फरक रकम | खर्च लेखेको शीर्षक |
|---|---|---|---|---|---|---|
| संघीय सशर्त चालु | १६०। ०७८।३। ११ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति | १६६८००० | २४१२३६६ | ७४४३६६ | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम |
| | | तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २१३२२४७ | ३१७५०१७ | १०४२७६३ | |
| | | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामाग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | ११११०२१० | ११४८१५० | ३७९४० | |
| | | | | जम्मा | १८२५५७६ | १८२५५७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | |
|---|---|---|---|---|
| १७.३ | | | **विद्यालय भौतिक पुर्वाधार निर्माण -** स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका आ.व. २०७७/७८ मा क्रियाकलाप नं ११.१.२.१ विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान मा ८.६ नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानमा प्रति विद्यालय रु १करोड देखि रु १ करोड ५० लाख रकम सम्म उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले संघीय सशर्त चालु अन्तर्गत चन्द्रोदय मा.वि.लाई विद्यालय भौतिक पूर्वाधार निर्माणमा गो.भौ. नं ६२, १०० र १६४ मार्फत रु.१००९६८३५ निकासा गरेकोमा देखिएको व्यहोराहरु देहायबमोजिम रहेका छन ।<br><br>**क ) सिमाभन्दा बढीको कार्यः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१) मा रु१ करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिती वा लाभग्राही समुदायमार्फत गराउन सकिने र उपनियम (१क) मा उपनियम (१) मा उल्लेखित एक करोडसम्म रुपैयासम्मको लागत अनुमानमा मूल्य अभिवृदि कर, ओभरहेड, कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ। तर पालिकाले मूल्य अभिवृदि कर, जनसहभागिताको अंश र कन्टिजेन्सि रकम सहित रु. रु.१००९६८३५ लागत अनुमान भएको भौतिक पूर्वाधार निर्माण कार्य चन्द्रोदय मा.वि. मार्फत गराएको पाइयो । तसर्थ पालिकाले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरित हुने गरी यस्ता ठुला योजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरि प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ ।<br><br>**ख) चन्द्रोदय मा.वि. स्थलगत निरीक्षण-** पालिकाको संघीय सशर्त कार्यक्रमतर्फको चन्द्रोदय मा.वि.( नमूना विद्यालय ) छात्रवास भवन निर्माणको पालिकाका प्राविधिक कर्मचारी समेतको उपस्थितिमा मिति २०७८।११।१९ मा स्थलगत निरीक्षण गर्दा भवन निर्माण निर्माणाधिन अवस्थामा रहेको तर ढलानको कार्यमात्र भइ यस आ.व.को रु.८० लाख समेत रु. १ करोड ४० लाख बजेट अनुसार कार्य भएको तर भवन अधुरो अवस्थामा नै रहेको देखियो । | |
| १७.४ | | | **फरक शीर्षक बाट खर्चः** पालिकाले चन्द्नोदय मा.वि.लाई नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानमा रु १करोड र विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित अनुदानमा रु.५० लाख निकासा गर्नुपर्नेमा पालिकाले संघीय सशर्त चालु गो.भौ. नं ६२, १०० र १६४ मार्फत भौतिक निर्माण अनुदानमा रु.१००९६८३५ निकासा र विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित अनुदानमा रु.४९३३२५० निकासा गरेको पाइएकोले फरक शीर्षक पारी निकासा भएको रु | ६६,७५० |
| १७.५ | | | **बिलभरपाइ-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (११) र ९७ (६) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकबाट जाँचपास गराउने र हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, बिलभरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले नापीकिताब तथा कार्यसम्पन्न प्रतिवेदन मूल्याङ्कनमा आर सी सी रड ३५००० केजी प्रयोग भएको भनि भुक्तानी गरेकोमा विद्यालयले ३०१९७ केजी रड खरिद गरेको बिलभरपाइ पेश गरेको पाइयो । जसले गर्दा तोकिएको गुणस्तरमा कार्य भएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन ।यसरी नापी किताब तथा कार्यसम्पन्न प्रतिवदेन मूल्याङ्कन भन्दा कम बिल पेश भइ भुक्तानी भएको ४८०३ केजी रडको रु.११०.९४ का दरले रु.५३२८४५ को पुष्ट्याई पेश हुनुपर्ने रु | ५३२,८४५ |
| १७.६ | | | **पाठ्यपुस्तक निकासा -** स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका आ.व. २०७७/७८ को क्रियाकलाप नं २.४.६.१ सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान निकासामा शैक्षिक सत्र २०७७ को शैक्षिक भर्नालाई आधार मानी पहिलो किस्तामा ७५% र दोस्रो किस्तामा २०७८ EMIS तथ्याङ्कलाई आधार मानि बाकी २५% रकम अनुदान दिने व्यवस्था छ । साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखाको पत्र संख्या | ५३४,२६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.२ | | | **फरक शीर्षकबाट खर्च लेखेको** - एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या,२०७४ मा खर्च शीर्षक उल्लेख भएकोमा सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका खर्चहरु फरक शीर्षकमा खर्च लेखी भुक्तानि दिएकोले रु. १८२५५७६ नियमसंगत नदेखिएको रु | १,८२५,५७६ |

| बजेट उपशीर्षक | भौ.नं/मिति | विवरण | खर्च लेखेको | विद्यलायलाइ निकासा भएको | फरक रकम | खर्च लेखेको शीर्षक |
|---|---|---|---|---|---|---|
| संघीय सशर्त चालु | १६०। ०७८।३। ११ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति | १६६८००० | २४१२३६६ | ७४४३६६ | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम |
| | | तोकिएको विद्यार्थिको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २१३२२४७ | ३१७५०१७ | १०४२७६३ | |
| | | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामाग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | ११९०२१० | ११४८९५० | ३७९४० | |
| | | | | जम्मा | १८२५५७६ | १८२५५७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १७.३ | | | **विद्यालय भौतिक पुर्वाधार निर्माण -** स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ मा क्रियाकलाप नं ११.१.२.१ विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान मा ८.६ नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानमा प्रति विद्यालय रु १करोड देखि रु १ करोड ५० लाख रकम सम्म उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले संघीय सशर्त चालु अन्तर्गत चन्द्रोदय मा.वि.लाई विद्यालय भौतिक पूर्वाधार निर्माणमा गो.भौ. नं ६२, १०० र १६४ मार्फत रु.१००९६८३५ निकासा गरेकोमा देखिएको व्यहोराहरु देहायबमोजिम रहेका छन ।<br><br>**क ) सिमाभन्दा बढीको कार्यः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१) मा रु१ करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिती वा लाभग्राही समुदायमार्फत गराउन सकिने र उपनियम (१क) मा उपनियम (१) मा उल्लेखित एक करोडसम्म रुपैयासम्मको लागत अनुमानमा मूल्य अभिवृदि.कर, ओभरहेड, कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ। तर पालिकाले मूल्य अभिवृदि कर, जनसहभागिताको अंश र कन्टिजेन्सि रकम सहित रु. रु.१००९६८३५ लागत अनुमान भएको भौतिक पूर्वाधार निर्माण कार्य चन्द्रोदय मा.वि. मार्फत गराएको पाइयो । तसर्थ पालिकाले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरित हुने गरी यस्ता ठुला योजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरि प्रतिस्पर्धात्मिक र मितव्ययी हुने गरी खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ ।<br><br>**ख) चन्द्रोद्य मा.वि. स्थलगत निरीक्षण-** पालिकाको संघीय सशर्त कार्यक्रमतर्फको चन्द्रोदय मा.वि.( नमूना विद्यालय ) छात्रवास भवन निर्माणको पालिकाका प्राविधिक कर्मचारी समेतको उपस्थितिमा मिति २०७८।११।१९ मा स्थलगत निरीक्षण गर्दा भवन निर्माण निर्माणाधिन अवस्थामा रहेको तर ढलानको कार्यमात्र भइ यस आ.व.को रु.८० लाख समेत रु. १ करोड ४० लाख बजेट अनुसार कार्य भएको तर भवन अधुरो अवस्थामा नै रहेको देखियो । | |
| १७.४ | | | **फरक शीर्षक बाट खर्चः** पालिकाले चन्द्नोदय मा.वि.लाई नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानमा रु १करोड र विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित अनुदानमा रु.५० लाख निकासा गर्नुपर्नेमा पालिकाले संघीय सशर्त चालु गो.भौ. नं ६२, १०० र १६४ मार्फत भौतिक निर्माण अनुदानमा रु.१००९६८३५ निकासा र विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित अनुदानमा रु.४९३३२५० निकासा गरेको पाइएकोले फरक शीर्षक पारी निकासा भएको रु | ६६,७५० |
| १७.५ | | | **बिलभरपाइ-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (११) र ९७ (६) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकबाट जाँचपास गराउने र हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, बिलभरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले नापीकिताब तथा कार्यसम्पन्न प्रतिवेदन मूल्याङ्कनमा आर सी सी रड ३५००० केजी प्रयोग भएको भनि भुक्तानी गरेकोमा विद्यालयले ३०१९७ केजी रड खरिद गरेको बिलभरपाइ पेश गरेको पाइयो । जसले गर्दा तोकिएको गुणस्तरमा कार्य भएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन ।यसरी नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन मूल्याङ्कन भन्दा कम बिल पेश भइ भुक्तानी भएको ४८०३ केजी रडको रु.११०.९४ का दरले रु.५३२८४५ को पुष्ट्याई पेश हुनुपर्ने रु | ५३२,८४५ |
| १७.६ | | | **पाठ्यपुस्तक निकासा -** स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को क्रियाकलाप नं २.४.६.१ सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान निकासामा शैक्षिक सत्र २०७७ को शैक्षिक भर्नालाई आधार मानी पहिलो किस्तामा ७५% र दोस्रो किस्तामा २०७८ EMIS तथ्याङ्कलाई आधार मानि बाकी २५% रकम अनुदान दिने व्यवस्था छ । साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखाको पत्र संख्या | ५३४,२६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७७।७८, चलानी नं ३९५, मिति २०७८।२।२५ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान निकासा सम्बन्धमा २०७८ सालको शैक्षिक सत्र आषाढ १ गतेदेखि प्रारम्भ हुने हुदा शैक्षिक सत्र २०७७ को भर्ना संख्यालाई आधार मानी निःशुल्क पाठ्यपुस्तक बापतको सतप्रतिशत अनुदान विद्यालयमा निकासा दिने व्यवस्था छ । पालिकाले शैक्षिक सत्र २०७७ को शैक्षिक भर्नालाई आधार मानी पहिलो किस्तामा ७५% र दोस्रो किस्तामा विद्यालयले पेश गरेको पाठ्यपुस्तक खरिद बिलभरपाई र वितरण गरेको विवरणका आधारमा बाकी रकम निकासा गरेकोमा निम्नानुसारका विद्यालयहरुलाई EMIS तथ्याङ्क २०७८ भन्दा बढी विद्यार्थीको अनुदान रकम निकासा गएको देखिएकोले बढी निकासा सम्बन्धमा पुष्टयाई पेश गर्नुपर्ने रु. | |

| क्र.स. | विद्यालयको नाम | EMIS तथ्याङ्क २०७८ अनुसार निकासा हुनुपर्ने | निकासा भएको | बढी निकासा |
|---|---|---|---|---|
| १ | रिचोक इराङ आ.वि. | 64431.8 | 76835 | 12403.2 |
| २ | तीनकन्या बागेश्वरी आ.वि. | 37537 | 39039 | 1502 |
| ३ | चन्द्रोदय आ.वि. | 118637.94 | 128877 | 10239.06 |
| ४ | श्री हर्कपुर मा.वि. | 105293.06 | 117309 | 12015.94 |
| ५ | बागेश्वरी मा.वि. | 398140.12 | 534647 | 136506.88 |
| ६ | श्री चन्द्रोदय मा.वि. | 334070.42 | 385291 | 51220.58 |
| ७ | कालिका आ.वि. | 57538.5 | 69222 | 11683.5 |
| ८ | श्री कालिका मा.वि. | 182963.14 | 224757 | 41793.86 |
| ९ | पञ्चकन्या मा.वि. | 158743.5 | 175127 | 16383.5 |
| १० | श्री गोठीभञ्ज्याङ आ.वि. | 52440.8 | 59895 | 7454.2 |
| ११ | बोमराङ प्रा.वि. | 39892.8 | 45600 | 5707.2 |
| १२ | श्री कोशराङ आ.वि. | 48054 | 105929 | 57875 |
| १३ | श्री वितेश आ.वि. | 59245.2 | 60051 | 805.8 |
| १४ | श्री गोइराङ आ.वि. | 98666.9 | 105929 | 7262.1 |
| १५ | राष्ट्रिय मा.वि. | 165794.04 | 188875 | 23080.96 |

नम्बर

| | | | | |
|---|---|---|---|---|
| १६ | शंखदेवी मा.वि. | 200753.06 | 240921 | 40167.94 |
| १७ | राष्ट्रिय आ.वि. | 60769.9 | 69341 | 8571.1 |
| १८ | जरुङ सिमटार प्रा.वि. | 46513.4 | 57471 | 10957.6 |
| १९ | रावलडाडा आ.वि. | 93228.7 | 107423 | 14194.3 |
| २० | श्री बासखर्क आ.वि. | 106081.9 | 114817 | 8735.1 |
| २१ | पिपलभञ्ज्याङ मा.वि. | 216306.86 | 272009 | 55702.14 |
| | | | जम्मा | ५३४२६२ |

१८ **पदाधिकारी सुविधा**

पदाधिकारी सुविधा खर्च बागमती प्रदेश अन्तरगत स्थानीय तहका पदाधकारी तथा सदस्यहरुले पाउने सुबिधा सम्वन्धमा व्यावस्था गर्न बनेको ऐन (पहिलो संसोधन समेत) को दफा ३ (क)१ मा स्थानीय तहका पदाधकारीले अनुसूची १ मा उल्लेख भएको सेवा सुबिधा पाउने व्यावस्था छ । पालिकाले यस बर्ष संचारमा ८१००००।– खाजामा ११८२०००।- पुस्तकमा ६३६०००। समन्वय भत्तामा १२०००००।- खानेपानीमा ४१४०००।- सरसफाईमा २४००००।- अतिथि सत्कारमा १३८००००।- यातायातमा १५६६०००।- समेत जम्मा रु ७४२८००० /- खर्च गरेको देखियो ।

१९ **आन्तरिक आय**

यस गाउँपालिकाको आन्तरिक आय सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्:

<table>
<tr><th>क्रम</th><th>भौंचर नम्बर</th><th>भौंचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>घर बहाल कर</td><td>१५०००००</td><td>१२६३७८७</td><td>८४.२५</td></tr>
<tr><td>बहाल बिटौरी कर</td><td>३०००००</td><td>००</td><td>००.००</td></tr>
<tr><td>सम्पति कर</td><td>२५०००००</td><td>२२८९४७९</td><td>९१.५७</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिएको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायाराना ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>बक्यौताको अभिलेख -पालिकाको असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक राखेको पाइएन ।</td><td></td></tr>
<tr><td>१९.३</td><td></td><td></td><td>अमानतबाट राजश्व संकलन - पालिकाको निर्णयानुसार यस खर्च वर्ष विभिन्न ६ स्थानीय व्याक्ती हरुलाई करार सम्झौता गरी ढुङ्गा गिटी वालुवाको निकासी शुल्क बाट नगदी रसीद मार्फत रु १२०८३१७७ पालिकाको विभाजन कोषमा आम्दानी बाधेको देखिन्छ । उक्त राजश्व संकलन गर्न ६ जनालोई मासिक रु २० हजारका दरले बार्षिक रु १४४०००० खर्च गरेको देखियो । लेखापरीक्षणलाई अमानतबाट राजश्व प्राप्त गरेको देखिएकोमा विभाज्य कोष खातामा रु २०४७८१२१२ बढी दाखिला भएको सम्बन्धमा यकिन हुनुपर्दछ । साथै सेही ६ जनाबाट बातावरण शुल्क नगदी रसिद मार्फत रु १७६५७०० आम्दानी गरेको देखिन्छ । पालिकाले ढुङ्गा गिटी वालुवाको निकासी शुल्कमा प्रतिशपर्धा गराई बढी भन्दा वढी राजश्व प्राप्ती गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | |
|---|---|---|---|---|
| १९.४ | | | **वडागत आम्दानी**-लेखापरीक्षणलाई प्राप्त वडागत आम्दानी विवरण अनुसार यस वर्ष पालिका अन्तरगतका १० वडाहरुबाट मालपोत शुल्क वापतको आम्दानी रु ४२३४८६८ सेवा शुल्क वापतको आम्दानी रु.२३५४४९६ गाँउपालिकाबाट रु १०२८८१५० गरी जम्मा रु १६८७७५१५ आम्दानी गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्याहोराहरु देहाय बमोजिम रहेको छन् ।<br>• पालिकाले तकिएका म.ले.प.फा. न १०५,१०५,१०७,१०८ लगायतका अभिलेखहरु व्यवस्थित राखेको नदेखिदा पालिका र वडा कार्यलयहरुवाट भएको आम्दानी सम्वन्धमा यकिन हुनुपर्दछ ।<br>• पालिका अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले १,२ महिनापछी मात्र वैङ्क दाखिला गर्ने गरेकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २७(४) बमोजिमको व्याज असुली गरेको पाईएन । नियमानुसार समयमानै राजश्व दाखिला हुनुपर्दछ ।<br>• पालिकाले यस वर्ष व्यावसाय दर्ता तथा नविकरण शुल्क वापत रु २६५८८८० आम्दानी देखिएकोमा व्यावसाय दर्ता तथा नविकरणको अधावधिक अभिलेख राखेको पाईएन ।<br>• आन्तरिक आयमा प्रयोग हुने रसिदहरुको छपाई,आम्दानी खर्च र बाकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता व्यवस्थित रुपमा राखेको पाईएन । | |
| १९.५ | | | **राजस्व फिर्ता**- वागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७५ मा भएको चुनढुङ्गा बिक्री सम्वन्धी व्यावस्था बमोजिम पालिकाले सो विक्री शुल्कको ठेक्का सम्झौता लोकेश कन्ट्रक्सन संग ०७५।०६।०१ मा सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार कन्ट्रक्सनले पालिकालाई रु २५२००००० शुल्क वुझाउनु पर्ने र कानून अनुसार लाग्ने कर व्यावसायीले व्यहोर्ने देखिन्छ । पालिकाले गो.भौ.न. १३। ०७७।०६।०१ बाट लोकेश कन्ट्रक्सन प्रा.ली. को मिति ०७६।४।४ को निबेदन पालिकाको ०७७।४।१५ को निर्णयको आधारमा सम्मानित विशेष अदालत हेटौडाको निर्णय र प्रदेश योजना मन्त्रालयको पत्रानुसार भएको स्वकृति आदेशनुसार रु ९७७२६०० विगत वर्षको संकलित राजश्व फिर्ता गरेको देखिन्छ । उक्त फिर्ता रकम मध्ये चुनढुङ्गा विक्रि गर्दा लाग्ने बिक्रि शुल्क रु ८६४८३७६ र सो को १३ प्रतिशत मु.अ. कर रु ११२४२८८।८८ फिर्ता भएको छ । | |
| १९.६ | | | **गिट्टी, ढुंगा, बालुवाको कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७७ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७७ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानीय तहबीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने व्यवस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । पालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु १२०८३१७७ राजस्व प्राप्त गरेकोमा रु.४८३३२७१ प्रदेशसंचितकोष र रु. ७२४९९०६ स्थानिय संचितकोषमा देखिएको छ । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एवं सो राजस्व सङ्कलन गर्दा पर्ने वातावरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |

२० **ठेक्का व्यवस्थापन**

यस गाउँपालिकाको ठेक्का व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्:

२०.१ **लागत अनुमान –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा बोलपत्र आह्वान गरी खरिद गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐनको दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने दफा ९ र २७ मा बोलपत्र स्वीकृत र खरिद सम्झौता गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष सूचना प्रविधिको प्रयोग गरी स्वीकृत भएको ठेक्कामा बोलपत्रदाताले लागत अनुमानको तुलनामा ३०.५५ देखि ६३.८३ प्रतिशतसम्म घटीमा काम गर्ने गरी ठेक्का कबोल गरेको देखिन्छ । नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहायबमोजिमको ठेक्का व्यवस्थापनमा लागत अनुमान तयार गरी स्वीकृत गरेको केही योजना तथा सम्झौताको अवस्था परीक्षण गर्दा लागत अनुमानको तुलनामा घटीमा गरेको क्रार्यको गुणस्तर र परिमाणमा कार्य भएको सम्बन्धमा यकिन गर्न सकिएन.। ठेक्का व्यवस्था गरी भएको कार्यमा गुणस्तर परिमाण सुनिश्चित हुनुपर्दछ । केही उदाहरणहरुः

| सि.न. | योजनाको नाम | निर्माण व्यावसायीको नाम | ल.ई.रु | सम्झौता | ल.ई. को तुलनामा घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | गा.पा. प्रशासनिक भवन | ओमबुद्ध ज्वालामुखी। मेनस जे.मी. | ११३३८७४०३ | ७८७४१६८७ | 30.55 |
| २ | चरौदी जनगाउ सडक | सुवेदी एण्ड सिलवाल कन्ट्रक्सन | ९७४२११८ | ५९५८९५५ | 38.83 |
| ३ | नोहक गुफा सडक | भिसान कन्ट्रक्सन | ९७३८९६६ | ३६१९०२६ | 63.83 |
| ४ | मौवाखोला जवाङ सडक | सुवेदी एण्ड सिलवाल कन्ट्रक्सन | ४८६९९३८ | ३११२९०२ | 36.07 |
| ५ | मासखर्क चेपाङ सडक | काश्यप निर्माण एण्ड सप्लायर्स | ९७२७७५८ | ४३१७१६२ | 55.62 |
| ६ | ताल्ती सिमटार सडक | आर्जित कन्ट्रक्सन एण्ड सप्लायर्स | ९७८०२२० | ५६५५४९४ | 42.17 |
| ७ | खरौटी पिपलटार चैलिङ्ग सडक | पृथ्वी निर्माण सेवा | ९७४०९५९ | ५४५७०४२ | 43.97 |
| ८ | सलाङ्घाट रिपोक सडक | ईथिकल ईन्जिनियरिङ्ग प्रा.लि. | ९७४०९६५. | ६०५२१४१ | 37.86 |

२०.२ **गा.पा. प्रशासनिक भवन-** गाँउपलिकाले गाँउपालिकाको प्रशासकिय भवन निर्माण कार्यको लागि ल.ई. रु ११३३८७४०३ मा कवोलदाता ओमबुद्ध ज्वालामुखी भेनस जे.भी. को कवोल अंक रु ७८७४१६८३ मा ०७८।०३।०७ मा सम्झौता गरेको देखियो । निर्माणधिन रुपमा रहेको उक्त भवनको जगको कार्य उ. स .बाट भएकोमा सो पछी ठेक्का लागेको र कार्य सम्पन्न गर्नुपर्ने मिति ०८०।०३।०६ रहेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम कार्यसम्पन्न जमानतको मान्य अवधि निर्माण कार्यको त्रुंटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्नेमा निर्माण व्यवसायिले पेश गरेको रु १२०००००० को एउटा मिति ०८१।०४।०७ सम्म हुनुपर्नेमा ०८१।३।१० सम्म मात्र रहेकोले PBG म्याद थप हुनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | |
|---|---|---|---|---|
| २०.३ | | | **कार्यसम्पादन जमानत**-सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा वोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गर्दा लागत अनुमानभन्दा मन्ध्र प्रतिशत वढी घटेर कवुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटी कवुल गरेको छ सो कव पचास प्रतिशतले हुन आउने रकम कवुल अंकको पाँच प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत वापत दाखिला गर्नुपर्ने व्यावस्था छ । गाँउपालिकाको प्रशासकिय भवन निर्माण कार्यको लागि निर्माण व्यावसायी ओमबुद्ध ज्वालामुखी भेनस जे.वी.ले ल.ई. रु ११३३८७४०३ को वोल अंक रु ७८७४१६८३, ३०.५५ प्रतिशत घटी रु १२७५५८८८।१५ हुनुपर्नेमा रु १२०००००० को मात्र दाखिला गरेको देखियो । नपुग कार्यसम्पादन जमानत रकम रु ७५५८८८ थप दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु | ७५५,८८८ |
| २०.४ | | | **बृहत कृषक तालिम केन्द्र**-गाँउपालिकाको प्रदेश सशर्त कार्यक्रम अन्तरगत बृहत कृषक तालिम केन्द्रको बाकी स्टकचर र फिनिसिङ्ग कार्यको लागी रु ३ करोड बजेट व्यावस्था भएको देखियो । उक्त कार्यको लागि लई रु २४९०३१९७ मा कवोलदता ह्याविटाट कन्ट्रक्सन ईन्जनियर्स प्रा लि को कवोल अंक रु २४६३५०१६ मा ०७७।१०।०६ मा सम्झौता भई सम्पन्न भएको छ । उक्त भवन निर्माण कार्यको सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११७ बमोजिमको कार्यस्युकार प्रतिबेदन संलग्न नगरी रु २४५३५०५७ भुक्तानी गरेको देखियो । नियमावली परिपालन हुनुपर्दछ । | |
| २०.५ | | | **जयपुरी सिंचाई** -सार्वजनिक खरिद नियमावल, २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ्ग विल विजकको भुक्तानी गर्दा रिटेन्सन भेरिएसन बापत रनिङ्ग विल विजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यावस्था छ । पालकाले जयपुरी सिंचाई योजनाको दुर्गा भवानी निर्माण सेवा प्रा.ली. लाई पहिलो रनिङ्ग विल वापतको भुक्तानी रु २७५७४४५ मा ५ प्रतिशतले हुने धरौटी रु १३७८७२ कट्टी नगरेको रु | १३७,८७२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.६ | | | **DPR अनुसार कार्य सम्पन्न नभएको**-गाँउपालिकाले यस बर्ष संचालन गरेको देहायबमोजिमको योजनाहरु वजेट अनुसार कार्य सम्पन्न भएको तर DPR अनुसारको कार्य सम्पन्न हुन नसकेको अवस्था देखियो । यसरी वजेट अनुसार मात्र कार्य सम्पन्न गरी योजना अधुरो नै रहन उपयुक्त देखिएन ।केही उदाहरणहरु | |

| सिन | योजनाको नाम | निर्माण व्यावसायी | बजेट अनुसार कार्य सम्पन्न र भुक्तानी रकम | कार्यभएको |
|---|---|---|---|---|
| १ | चरौदी जनगाँउ सडक | सुवेदी एण्ड सिलताल कन्ट्रक्सन | ५९३२९१६ | बाटो ढलान, ग्याविन,ह्युमपाईप |
| २ | नोहक गफा सडक | भिषण कन्ट्रक्सन | ३५८८३६५ | नयाँट्रयाक |
| ३ | मौवा खोला सडक | सुवेदी एण्ड सिलताल कन्ट्रक्सन | ३१०२८५० | सडक स्तरन्नती |
| ४ | मासखर्क चेपाङ्ग सडक | कश्यप निर्माण एण्ड सप्लायर्स | ४०८६४०० | नयाँट्रयाक |
| ५ | ताल्ती सिमटार सडक | अर्जित कन्ट्रक्सन एण्ड सप्लायर्स | ५६५५४९४ | सडक स्तरन्नती |
| ६ | खरौटी पिपलडाडा चैलिङ सडक | पृथ्वी निर्माण सेवा | ५१३६८५८ | सडक स्तरन्नती |
| ७ | सलाङघाट रिपोक सडक | ईथिकल ईन्जिनियरिङ्ग प्रा.लि. | ६०००००० | बाटो ढलान |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.७ | | | **नोहक गुफा सडक**-सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(६)(ख) मा निर्माण व्यवसायिले खरिद सम्झौताको शर्त बमोजिम कार्य सम्पादन नगरेमा सार्वजनिक निकायले विल विजक वमोजिमको भुक्तानी नदिन वा काट्न सक्ने व्यावस्था छ । पालिकाले नोहक गुफा सडक निर्माणको किसान कन्ट्रक्सनलाई होडिङ्ग वोर्ड वापतको भुक्तानी रु ५००० गरेकोमा विल विजक संलग्न गरेको देखिएन उक्त रकम निर्माण व्यावसायीबाट असुल हुनुपर्ने रु | ५,००० |
| २०.८ | | | रितपूर्वकको कर विजक - मूल्य अभिबृद्धी ऐन, २०५२ को दफा १४ बमोजिम मु.अ.करमा दर्ता भएको फर्मसंग तोकिएको ढाचामा कर विजक लिई खरिद गर्नुपर्ने व्यावस्था छ । गाँउपालिकाले मौवाखोला जवाङ सडकको स्तरन्नति कार्यमा जोगिमारा कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६०४२७९६०२) को विल विजक मिति र परिमाण केरमेट गरी थपघट गरेको रु ६०२८५५ भुक्तानि मध्ये रु ६९३५५ मु.अ. कर भुक्तानी गरेको देखियो । निर्माण व्यावसायीले रित पूर्वकको कर विजक वेगर पालिकाबाट भुक्तानी लिएको मु.अ. कर रकम रु ६९३५५ को मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु | ६९,३५५ |

| क्रम | मायर नम्बर | मायर मिति | | |
|---|---|---|---|---|
| २०.९ | | | **मौवा खोला जवाङ सडक**-गाँउपालिकाको प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तरगतको रु ५० लाख वजेटमा ल.ई. रु ४८६९९३८ कायम भई कवोलदाता सुवेदी एण्ड सिलवाल कन्ट्रक्सन बाट रु ३११२९०२ मा सम्झौता भएकोमा रु ३१०२८५० भुक्तानी भएको देखियो । प्राविधिक मूल्याङ्कनका आधारमा वजेट अनुसारको मात्र कार्य सम्पन्न भएकोमा योजना अधुरो नै रहेको देखियो । गाँउपालिकाको च.न. २९५३ मिति ०७८।१।८ को पत्रनुसार उक्त योजनाकव ठेक्का प्रकृया गर्दा बाकी रहेको रकम रु १७५७०३६ बचत रहेकोले सोही आयोजनामा थप काम गर्नु अनुमति दिएको देखियो । मौवाखोला जवाङ सडक स्तोन्नति उपभोक्ता समिति संग ल.ई. रु ११४८५९७ मा सम्झौता गरी मूल्याङ्कनका आधारमा रु १७०२५४५ भुक्तानी गरेको देखिन्छ । यसरि एउटै योजनामा निर्माण व्यवसायीबाट भएको ठेक्कामा सडक ढलान, हिमपाईप समेतको कार्य गरेकोमा सोही योजना र स्थानमा उपभोक्ता समितिबाट रिटेनिङ्ग वालको कार्य गरेको उपयुक्त देखिएन । उपभोक्ता समितिलाई भएको भुक्तानी र १७०२५४५ मध्ये कन्ट्रक्सनको डोजरको विल रु ३३६८५३ र ईन्धन रु १२०००४ को विल संलग्न गरी हेभी मेशिन प्रयोग गरेको कार्य नियमनुसार भएको देखिएन । | |
| २१ | | | **क्रमागत योजना**<br>यस गाउँपालिकाको क्रमागत योजना सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: | |
| २१.१ | | | **क्रमागत योजना-रिचोकटार इराङ सडक** क) गाउँपालिकाको गत वर्षको क्रमागत योजना अन्तर्गत संघिय समपुरक कार्यक्रमको लागत अनुमान रु.७५१०१७६१ ।- मा कबोलदाता दिव्यज्योती साकुरा जे.भि.को कबोल अंक रु. ५८४९०७५०।- मा सम्झौता भएकोमा २०७७।७८ मा सम्पन्न भएको देखियो । पालिकाबाट निर्माण व्यवसायीलाई रु.६१०९०३१५।- भुक्तानी भएकोमा बजेट अनुसार मात्र सम्पन्न भएको तर चालु आ.ब. मा स्रोत सुनिश्चित हुन नसकी योजना अधुरो नै रहन गएको उपयुक्त देखिएन ।<br>ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिम निर्माण व्यवसायीले २२.११ प्रतिशत घटीमा कबोल गरेकोमा कार्यसम्पादन जमानत रु. ५५१९४१०।- रकमको हुनु पर्नेमा रु. ५११९५६००।- मात्र रहेकोले रु.४०३८१०।- ले घटी कार्य सम्पादन जमानत राखेको देखिन्छ । नियमानुसार कार्य सम्पादन जमानत लिई खरिद तथा ठेक्का व्यवस्थापन हुनुपर्दछ ।<br>ग) गाउँपालिकाको निर्णयानुसार रु.२६०९४२६।-(४.४६) प्रतिशत भेरियसन आदेश बाट थप भुक्तानी भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(४) बमोजिम भेरियसनबाट थप भएको रकमको जोखिम व्यहोर्ने गरी बिमा गरेको देखिएन । | |
| २१.२ | | | घ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(६)(ख) मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त बमोजिम कार्यसम्पादन नगरेमा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य बिल बिजक बमोजिम भुक्तानी केट्टी गर्न सक्ने व्यवस्था छ । पालिकाले रिचोकटार इराङ सडक निर्माणको भुक्तानीमा दिव्यज्योती साकुरा जे.भि. को भुक्तानीमा पि.एस. आइटममा धारा, नाला, कूलो मर्मत लगायतको रु. ११,३०,०००।- मध्ये यस वर्ष भुक्तानी भएको १,६९,३७३।- को बिल बिजकमा मु.अ.कर रु. २२,०१९।- रहेकोमा सक्कल बिल बिजक संलग्न नभएको रु | १६९,३७३ |
| २१.३ | | | **बुद्धमार्ग** - गाउँपालिकाको प्रदेश समपुरक कार्यक्रम अन्तर्गत गत आ.ब. को क्रमागत योजनाको निर्माण व्यावसायी ओम गणेश बिल्डर्सलाई यस वर्षको रु. ४८,८८,०००।- समेत जम्मा रु. १,२०,०३,३३७।- कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी भएको देखियो । निर्माण व्यावसायीले रु. ६,५६,११५।- को घटी कार्य गरेकोमा प्राविधिक मूल्याङ्कन गरी भुक्तानी गरेको देखिन्छ । बजेट अनुसार मात्र योजना सम्पन्न भएको, थप बजेट स्रोत सुनिश्चित नभएकोले योजना अधुरो नै रहन गएको उपयुक्त देखिएन । | |



https://nams.oag.gov

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २१.४ | | | **शहिद स्मृति पार्क भ्यू टावर निर्माण**-गाउँपालिकाको संघिय विशेष कार्यक्रम अन्तर्गत गत आ.ब. को क्रमागत योजना शहिद स्मृति पार्क भ्यू टावर निर्माणको कार्य गरेवापत निर्माण व्यवसायी टंक निर्माण सेवालाई रु. ५८,७८,३६४।- प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिएको देखियो । उक्त निर्माण कार्यको लागत अनुमान रु. ९४,३६,२२४।- मा कबोल अंक रु. ६४,३६,९०१।- मा सम्झौता भएकोमा सार्वजनिख खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिम कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने रकम रु. ११,१३,७८९।- हुनु पर्नेमा रु. ९,७०,८००।- मात्र दाखिला भएकोले रु. १४२९९० घटी दाखिला गरेको देखियो । कार्य सम्पादन जमानत दाखिला गर्दा नियमको परिपालना हुनुपर्दछ । | |
| २१.५ | | | **सलाङ्घाट रिचोक सडक-स्थलगत निरीक्षण** - गाँउपालिकाका प्राविधिक समेतकव उपस्थितिमा ०७८।११।२१ मा सलाङ्घाट रिचोक सडकको स्थलगत निरिक्षण गर्दा ५ वटा ट्रनिङ मा करिव ३२० मिटर जति ढलान भएको, जग्गा विवादका कारण केही ट्रनिङ्गमा बाटोको मोड कम भएको र ड्रेन निर्माणमा समेत जग्गा विबाद भएको अवस्था देखियो । विवाद निरुपण गरेर मात्र कार्यक्रम सन्चालन गर्नुपर्दछ । | |
| २१.६ | | | **रिचोकटार इराङ सडक-स्थलगत निरीक्षण** पालिकाका प्राविधिक कर्मचारी समेतको उपस्थितिमा ०७८।११।२१ मा रिपोकटार इराङ सडकको स्थलगत निरीक्षण गर्दा रिटेनिङ्गवालका कारण भेरिएसन गर्नुपरेको र २२ मिटर जति सोही वाल पहिरो आएर पुरेको, करिव १३२० मिटर जति पिच र ढलान बाटोमा १२० मिटर जति जग्गा विवादले गर्दा पिच, ढलान तथा नालाको कार्य हुन नसकेकोले सोही बरावरको कार्य थप अगाडीको बाटोमा गरेको तर रिभाईज इस्टीमेट नभएको, २।३ ठाँउकको बाटोको मोडमा जग्गा विवादले गर्दा ढलानको ग्रेडिङ्ग अभिलेख अवस्था देखियो । विवाद निरूपण गरेर मात्र कार्यक्रम सन्चालन गर्नुपर्दछ । | |
| २२ | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकीएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यावस्था गरेको छ । नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा यस वर्ष पालिकाबाट रु ८५८५२६६३।– भत्ता वितरण गरेको देखिन्छ। यस सम्वन्धमा देखिएको व्यहोरा देहायवमोजिम रहेका छन् । | |
| २३ | | | **नागरिकता नं. दोहोरीएको**<br>पालिकाबाट देहाय बमोजिमका लाभग्राहीलाई भत्ता वितरण गर्दा एउटै नागरिकता नं. भएको २ वा २ भन्दा बढी लाभग्राहीलाई प्रथम किस्तामा १०९, दोस्रो किस्तामा १९४ र तेस्रो किस्तामा १९४ जनालाई जम्मा रु ५४७००००।– वितरण गरको छ । उक्त लाभग्राही एउटै भए नभएको सम्वन्धमा यकिन गर्नु पर्दछ । | |
| २४ | | २०७८-११-२२ | **नाम, नागरिकता नं, र जन्म मिति दोहोरीएको-**<br>पालिकाले देहाय बमोजिमका लाभग्राहीलाई भत्ता वितरण गर्दा एउटै नागरिकता नं., लाभग्राही नाम, जन्म मिति भएको २ वा २ भन्दा बढी लाभग्राहीलाई जम्मा रु ३७२५७४।- बराबरको भत्ता वितरण गरेको छ । उक्त लाभग्रही एउटै भए नभएको यकिन गरी प्रमाण पेश गर्नु रु | १७६,५७४ |

| लाभग्राहीको किसीम | लाभग्रागी नाम | जन्म मिति | नागरीकता नं | बडा नं. | रकम | |
| --- | --- | --- | --- | --- | --- | --- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जेष्ठ नागरिक | स्याउली माया प्रजा | ०४/१५/२००४ | १०५७३ | १ | ३६००० | २७००० |
| | | | | जेष्ठ नागरिक | स्याउली माया प्रजा | ०४/१५/२००४ | १०५७३ | २ | २७००० | |
| | | | | जेष्ठ नागरिक | फुलमाया सुनवार | १२/०५/१९९९ | २६१।२३३५१ | ३ | २४००० | २४००० |
| | | | | जेष्ठ नागरिक | फुलमाया सुनवार | २००००५०४ | २६१।२३३५१ | ४ | २४००० | |
| | | | | जेष्ठ नागरिक | हरि माया पाण्डे | ०२/०५/२००० | १२०७२ | ३ | २४००० | २४००० |
| | | | | जेष्ठ नागरिक | हरि माया पाण्डे | ०८/२९/२००० | १२०७२ | ४ | २४००० | |
| | | | | एकल महिला | धनमाया भट्टराई | २०१४०८०५ | ४८६ | ९ | २४००० | २४००० |
| | | | | एकल महिला | धनमाया भट्टराई | ०८/०५/२०१४ | ४८६ | १० | २४००० | |
| | | | | जेष्ठ नागरिक एकल महिला | शान्ति माया तामाङ | २०४२-०४-३२ | १०८४० | १ | २४००० | २३४१८ |
| | | | | बिधुवा | शान्ति माया तामाङ | २०४२-०४-३२ | १०८४० | २ | २३४१८ | |
| | | | | जेष्ठ नागरिक | सुनमाया तामाङ | ०५/०७/२००३ | १२३५७ | १ | ३६००० | ३६००० |
| | | | | जेष्ठ नागरिक | सुनमाया तामाङ | ०५/०७/२००३ | १२३५७ | २ | ३६००० | |
| | | | | जेष्ठ नागरिक | सुकुमाया चेपाङ (पहिलो चौमासिक) | ०५/१०/२००५ | २६१।६ | ९ | १२००० | २१५६ |
| | | | | जेष्ठ नागरिक | सुकुमाया चेपाङ (पहिलो चौमासिक) | ०५/१०/२००५ | २६१।६ | १० | २१५६ | |
| | | | | जेष्ठ नागरिक | तिर्नु माया सार्की | ०३/२५/२०१५ | ११२०३ | ४ | १६००० | १६००० |
| | | | | जेष्ठ नागरिक | तिर्नु माया सार्की(दोस्रो र तेस्रो चौमासिक) | ०३/२५/२०१५ | ११२०३ | ३ | १६००० | |
| | | | | जम्मा रकम | | | | | ३७२५७४ | १७६५७४ |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २५ | | | **अन्तर सरकारी अख्तियारी कार्यक्रम**<br>यस गाउँपालिकाको अन्तर सरकारी अख्तियारी कार्यक्रम सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: | |
| २५.१ | | | **भूमि व्यावस्था कृषि तथा सहकारी मन्त्रालय** -पालिकाको प्रदेश अन्तरसरकारी अख्तियारी कार्यक्रमतर्फ शित भण्डार संरक्षण कार्यक्रम अन्तरगत रु. ४५ लाख बजेट व्यावस्था भएकोमा शित भण्डार संरक्षण उपभोक्ता समिति वडा न. ५ संग ०७८।०३।२२ मा कार्यसम्पन्न गर्ने गरी ०७८।०११८ मा सम्झौता भएको देखियो । उक्त योजनाको ल.ई रु. ४९४८९२०।३४ मा उ.स. को ११.८० प्रतिशत योगदान र पालिकाको भुक्तानी रु. ४२०७४१५ रहेको छ । प्रदेश सरकार बाट बनेको उक्त भवनम पालिकामार्फत ग्याविन तथा मेशीनरी वाल लगाई संरक्षण गरेकोमा डोजर प्रयोग गरी उपभोक्ताले कार्य सम्पन्न गरेको फोटा राखेको तर BOQ मा समाबेश गरेको छैन । उक्त कार्यक्रम अनुगमन प्रतिवेदन अनुसार समेत उक्त भवन बलौटे माटोमा निर्माण भएको वायो ईन्जीनियरिङ्ग नभएको चेक ड्याम निर्माण गरी पहिरो जानबाट नजोगाएकोले थप संरक्षण गर्नुपर्ने सुझाब दिएको देखियो ।<br>**स्थलगत निरिक्षण** गाँउपालकाको प्राविधिक टोली समेतको उपस्थितिमा ०७८।११।१९ मा शित भण्डारमा पालिकाले गरेको कार्यको स्थलगत निरिक्षण गर्दा उक्त भवन निर्माण गर्दा संरक्षणको कुनैपनि मापदण्ड नवनाएको, बलौटे माटो र खोचमा रहेकोले उचित ईन्जिनियरिङ्ग नभएको ,वालुवाको थुप्रो माथि भवन बनाएको, प्रदेश सरकारको ठेक्का बाट भएको कार्यमा पीलकाबाट वालुवा माथि प्लाष्टिक विच्छ्याएर र माटो भरेर सिपेज टालेको , शित भण्डार भित्रबाट पानी वग्ने गरेको, भवन वरीपरीको ठाँउमा वालुवा पानीले खोलेर ठुलो ठुलो खाडल बनाएको, शित भण्डार संचालनमा नरहेको र पालिकाले समेत हस्तान्तरणगरी लिन नमानेको, पहिरोको जोखिम कायमनै रहको, भवन पाइपिङ्ग एक्सन हुनसक्ने, दव्न सक्ने अवस्था देखिएकोले स्थान विशेष उपयुक्त समेत देखिएन । अतः प्रदेश सरकारको ठेक्कामा पालिकाबाट संरक्षण गरेको उक्त कार्य दोहोरो भए नभएको समेत यकिन हुन नसकिएकोले उक्त भवन तथा भवनमा पालिकाबाट भए गरेको कार्य दिगोपन तथा प्रयाप्त संरक्षण समेत हुन नसकेकोले पालिकाबाट भएको भुक्तानी रु ४२०७४१५ समेत समन्वय गरी टुङ्गो लगाउनुपर्ने रु | ४,२०७,४१५ |
| २५.२ | | | **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम**- गाँउपालिकाको वेनिघाट स्वास्थ्य चौकिलाई १० शैया अस्पतालमा स्तरोन्नती गर्न भवन निर्माणमा अन्तरसरकारी अख्तियारी कार्यक्रम (संघीय) मा रु ८५ लाख बजेट व्यावस्था भएको देखियो । उक्त वजेट जग्गाका कारण कामको प्रकृया सुरु हुन नसकि निकासा तथा खर्च गरेको देखिएन । पालिकाले बजेट कार्यन्वयन दक्षता बढाउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th></th></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>

**साझेदारी कार्यक्रम** -स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार तथा प्रदेश विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहाय अनुसार ११ परियोजना सञ्चालन गर्न रु. २११४००००।- बजेट प्राप्त भएकोमा रु.२११०७७७५।- खर्च भएको देखिन्छ । पालिकाबाट वार्षिक प्रगति विवरण पेश हुन नआएकोले सोको प्रगति विश्लेषण गर्न सकिएन ।

<table>
<tr><th>आयोजनाको प्रकार</th><th>आयोजनाको संख्या</th><th>बजेट रकम</th><th>खर्च रकम</th><th>वित्तीय प्रगति प्रतिश</th><th>भौतिक प्रगति प्रतिशत</th></tr>
<tr><td>स्थानीय पूर्वाधार विकास कार्यक्रम</td><td>२</td><td>६६४००००</td><td>६६३८७५०</td><td>९९.९८</td><td>नखुलेको</td></tr>
<tr><td>प्रदेश पूर्वाधार विकास कार्यक्रम</td><td>९</td><td>१४५०००००</td><td>१४४६९०२५</td><td>९९.७८</td><td>नखुलेको</td></tr>
</table>

उल्लेखित ११ आयोजना मध्ये १० योजनाहरु उपभोक्ता समितिबाट गराएको देखिन्छ । उपभोक्ता समिति मार्फत संचालित योजनामा हेभी इक्युपनेन्ट प्रयोग गरेको, प्राविधिक पक्ष समेतको भएका जटिल संरचना निर्माण गरेको र तोकिएको सयमा नै सम्पन्न नगरेको योजनाहरुको मर्मत संम्भारको व्यवस्था नगरेको जस्ता कार्यहरु भएको देखिन्छ । जुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ विपरीत देखिन्छ । कानुनको परिपालना हुनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>२५.४</td><td></td><td></td><td>

**(क)गरिबसँग विश्वेश्वर कार्यक्रम** -गाउँपालिकाले शुभ आले मगरसँग २०७७।४।७ मा सहायकस्तर चौथो पदमा करार सेवामा रहेने सामाजिक परिचालक पदको लागी सम्झौता भएको देखियो । उक्त सम्झौता अनुसार करार सेवामा काम गरे वापत पाउने पारिश्रमिकमा गरिबसँग विश्वेश्वर कार्यक्रमबाट मासिक रु.१५०००।- र बाँकी गाउँपालिकाको आन्तरिक स्रोतबाट मासिक तलब, महंगी भत्ता चाडपर्व खर्च र पोशाक समेतको अन्य सुविधा उपलब्ध गराउने उल्लेखछ । पालिकाले कार्यक्रमको पारिश्रमिकमा रु. २२१०००।- बजेट व्यवस्था भएकोमा रु. २००२७०।- भुक्तानी र बाँकी आन्तरिक स्रोतबाट रु. १७९६६०।- जम्मा रु. ३७९९३०।- खर्च लेखेको देखिन्छ । पालिकाले सम्झौतामा रु. १५०००।- मात्र तोकेको र बाँकी रकम भने उल्लेख गरेको भुक्तानी यकिन नगरी रु. १७९६६०।- आन्तरिक स्रोतबाट भुक्तानी गरेकोले सम्झौता स्पष्ट देखिएन ।

**(ख)बाख्रा वितरण-** गाउँपालिकाले पालिकाको वड नं. २ अन्तर्गत दियालो साना किसान कृषि सहकारी संस्था लि. को बिलबाट पाठी ३५ वटाको रु.३०००००।- भुक्तानी गरेको देखियो । उक्त बाख्रा पाठी वितरण ३३जनालाई मात्र बाख्रा पाउने व्यक्ति मात्र उल्लेख गरी संस्था यकिन नगरी वितरण गरेको देखिन्छ । बाख्रा वितरण २ को भर्पाई संलग्न नभएको रु. १७१४३।- को पुष्ट्याई पेश हुनु पर्ने रु

</td><td>१७,१४३</td></tr>
</table>



https://nams.oag.gov.n

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २६ | | | पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च | |

**पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पुँजी सृजना नहुने खालका वितरणमुखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पुँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले देहाय अनुसारका पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट रु. ८४३९४८ भुक्तानी दिएको पाइयो ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । केही उदाहरणहरुः

| सि.न. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
| --- | --- | --- | --- |
| १ | चेपाङ तथा सास्कृतिक कार्यक्रम | सास्कृतिक कार्यक्रम | १००००० |
| २ | दारेचोक संचार सहकारी संस्था | संचार | ५०००० |
| ३ | धादिङ्ग संचार प्रा.लि. | संचार | १००००० |
| ४ | गंगा सागर आयल स्टोर्स | ईन्धन | १७८८० |
| ५ | त्रिशुलधारी आयल स्टोर | ईन्धन | ८९४० |
| ६ | कर्मचारी भ्रमण खर्च | भ्रमण | ८५९०० |
| ७ | भिनु होटल | विविध | ३५००० |
| ८ | कार्यालय खर्च | विविध | ३६१६६ |
| ९ | राजा बाबु किनारा स्टोर | विविध | १६७०० |
| १० | वडा विविध खर्च | विविध | १७००० |
| ११ | वडा नं. प्रशासनिक खर्च | विविध | ७२२५० |
| | जम्मा | | ५३९८३६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय |
| --- | --- | --- | --- |
| २७ | | | **यान्त्रिक उपकरण**<br>पालिकाले खरिद गरेका मेशीनरी औजार तथा यान्त्रिक उपकरण उद्देश्व बमोजिम संचालन गर्नुपर्दछ । पालिकाले एक ब्याकहो लोडर खरिद गरी तत्काल खरिद वर्ष देखी नै संचालनमा रहेको देखिन्छ । उक्त यान्त्रिक उपकरण संचालन गर्नु पालिकाबाट संचालन निर्देशिका बनाएको देखिन्छ । पालिकाले यान्त्रिक उपकरणबाट शुन्य आम्दानी भएकोमा मर्मतमा रु २९४१७८ पारिश्रमिकमा रु ३३६०५० ईन्धनमा करिब ८००००० गरी रु १४३०२२८ खर्च भएको देखिन्छ । उक्त खर्चको उपकरणबाट कुनै पनि आम्दानी भएको नदेखिँदा पालिकालाई थप रु १४३०२२८ व्ययभार पर्न गएको देखिन्छ ।<br>अतः पालिकाले यान्त्रिक उपकरण संचालन गर्दा कोषको अलग अलग आय-व्याय तयार गरी लेखापरीक्षण गराउने,ईन्धन,मर्मत,ईन्सुरेशन र चालक खर्च जस्ता व्यवस्थापन तथा मेशीन प्रतिस्थापन समेत हुने गरी यान्त्रिक उपकरण संचालन गर्ने व्यावस्था मिलाउनु पर्दछ । |
| २८ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु ४२४७१३२ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । |
| २९ | | | **राजश्व बाँडफाँडबाट शिक्षकलाई तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई राजश्व बाडफाडबाट ७४ विद्यालयहरुलाई रु ७१५१४०० तलब भत्ता भुक्तानी गरेको पाईयो । |
| ३० | | | **आन्तरिक लेखापरिक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले देहाय बमोजिम आन्तरिक लेखापरीक्षणमा समावेश भएका बेरुजुहरु अन्तिम लेखापरिक्षणलाई अनुकुल फछ्र्योट गरेको देखिएन । उक्त बेरुजु व्यहोरा निम्नानुसार रहेका छन् । |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | |
|---|---|---|---|---|
| ३०.१ | | | **कर कट्टी नभएको** : आयकर ऐन २०५८ को दफा ८८ मा भाडा वापतको भुक्तानीमा १० प्रतिशतका दरले कट्टी गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको भुक्तानीमा रु ५८०० कर कट्टी गरेको पाइएन । उक्त रकम असुल हुनुपर्ने रु | ५,८०० |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ३०.१.१ | तिनतारे महिला समुह भवन उपभोक्ता समिति | ५०० |
| ३०.१.२ | राइसटार पाइप सिंचाइ योजना उपभोक्ता समिति | ५०० |
| ३०.१.३ | मलेखु मरनघाट व्यवस्थापन उपभोक्ता समिति | ३,५०० |
| ३०.१.४ | मिजारगाउँ खानेपानी योजना उपभोक्ता समिति | ८०० |
| ३०.१.५ | बालउद्यान उपभोक्ता समिति | ५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | |
|---|---|---|---|---|
| ३०.२ | | | **हेभी इकिपमेन्टको प्रयोग** :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनामा उपभोक्ता समितिले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ यसबाट उपभोक्ता समितिमार्फत कार्य गराई आयोजनामा जनताको स्वामित्व अभिवृद्धि गरी रोजगारी सृजना हुने अवस्था देखिदैन। यसका केही उदाहरणहरु | |

| भौ.नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| 21 | खेल मैदान उ.स | खेल मैदान निर्माण | 190980 | जे.सि.बि र बकेट | 119820 |
| 83 | धुषाटार डुब्राङ चापटार सडक निर्माण उ.स | सडक निर्माण | 1429710 | एक्साभेटर | 677200 |
| 156 | मोहरिया खर्कबेसी सडक उ.स | " | 858360 | एक्साभेटर तथा ब्रेकर | 518310 |
| 244 | लवाङ सडक उ.स | " | 1105965 | | 1314000 |
| 377 | वडा न १ सडक मर्मत उ.स | " | | एक्साभेटर | 598920 |
| 347 | फोहोर व्यवस्थापन उ.स | खाडल खनेको | | एक्साभेटर | 296550 |

| | नम्बर | | | |
|---|---|---|---|---|
| ३०.३ | | | **बैठकलाई मितव्ययी औचित्यपूर्ण बनाउनुपर्ने -** विगतमा बैठक भत्ता भुक्तानी गर्दा समितिमा तोकिएको संख्या भन्दा अस्वभाविक रुपमा बढी व्यक्तिलाई बढी भत्ता वितरण भएको भनी मलेपमा बेरुजु भै आएकोले वर्षेनी उहि खर्च प्रविष्टि दोहोर्याउन नहुने भएकाले न्यायिक समितिको बैठक तथा अन्य समितिको बैठक सञ्चालन गर्दा समितिका सदस्य बाहेक अन्यलाई उपस्थित गराउँदा बैठकको औचित्यताका आधारमा सकेसम्म कम उपस्थित गराई बैठक भत्तालाई मितव्ययी बनाउनुपर्ने देखिन्छ। | |
| ३०.४ | | | **प्राविधिक लागत अनुमान -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६अनुसार सार्वजनिक निकायमा रहेका कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी सो निकायको प्रमुखलाई दिनुपर्नेछ।त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम (५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ।गाउँपालिकामा रहेको ब्याकहो लोडर सर्भिसिङ तथा मर्मत सम्भार गराउदा प्राविधिक लागत अनुमान भएको पाइएन । नियमावलीको परिपालना हुनु पर्दछ । | |

| भौ.नं.र मिति | फर्म वा कम्पनी | विवरण | रकम |
|---|---|---|---|
| 75-2077/08/23 | डि.के ट्रेडिङ कन्सर्नस प्रा.लि | जे सि बि सर्भिसिङ | 217473 |
| 136-2077/10/08 | डि.के ट्रेडिङ कन्सर्नस प्रा.लि | जे.सि.बी मर्मत | 41445 |
| | मनकामना हेभीइक्युपमेन्ट प्रा.लि | | 11150 |
| 171-2077/10/04 | डि.के ट्रेडिङ कन्सर्नस प्रा.लि | जे.सि.बी मर्मत | 45310 |

३१

**टुक्रा खरिद**

सार्वजनिक खरिद ऐन 2063 को दफा (८) २ बमोजिम एउटै प्रकृतिका कार्यहरु गर्दा एक भन्दा बढी टुक्रा पारी काम गर्न नहुने व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा सार्वजनिक निकायले ५ लाख रुपैयाँ अनुमानको मालसामान खरिद सिधै गर्न पाउने व्यवस्था छ।तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु ५ लाख बढीको रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन।कार्यालयले एउटै प्रकृतिको कार्य एउटै प्याकेज बनाई नियमको व्यवस्था अनुसार प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा प्याकेज तथा विधि तय नगरी टुक्रा गरी खरिद गरेको देखियो । यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| भौ.न.र मिति | फर्म र विवरण | रकम |
|---|---|---|
| पुँजिगत | | |
| 14-2077/05/10 | जयसन साईन हार्डवेयर ग्याविन बक्स | 463480 |
| 187-2077/11/10 | कंकाली इन्टर प्राइजेज ग्याविन जाली | 147997 |
| | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|

| | | |
|---|---|---|
| **199-2077/11/26** | **बराकोटी ग्लास सप्लार्यस ग्याविन** | **177610** |
| **7-2077/05/10चालु** | **कंकाली इन्टरप्राइजेज ग्याविन जाली** | **463480** |
| **चालु गा.पा** | | |
| 16-2077/06/04 | निलकण्ठ ट्रेड एण्ड सप्लार्यस, कार्यालय सामग्री | 232360 |
| 16-2077/06/04 | निलकण्ठ न्यु प्रिन्टिङ प्रेस, कार्यालय सामग्री | 250540 |
| 16-2077/06/04 | न्यु पशुपति छापाखाना, कार्यालय सामग्री | 29055 |
| 114-2077/09/19 | प्रतिक कम्प्युटर प्रशिक्षण (Canon Cartage, Mouse etc) | 143940 |
| 114-2077/09/19 | बेनीघाट अफिस सप्लार्यस (कम्प्युटर, प्रिन्टर, मल्टिपलग लगायत) | 274290 |
| 133-2077/10/07 | प्रतिक कम्प्युटर प्रक्षिक्षण (Canon Cartage, Samsung Cartage etc) | 94328 |
| 134-2077/10/07 | प्रतिक कम्प्युटर प्रशिक्षण (प्रिन्टर, हिटर, फोटोकपी मेसिन लगायत) | 383815 |
| 144-2077/10/14 | बेनीघाट अफिस सप्लार्यस (फोटोकपी पेपर, मल्टिपलग लगायत) | 106594 |
| 264-2078/03/07 | प्रतिक कम्प्युटर प्रशिक्षण | 88085 |
| विपद व्यवस्थापन | शिव शक्ति निर्माण सेवा बाटो सरसफाई | 477000.00 |
| विपद व्यवस्थापन | जे.के. निर्माण सेवा ग्याबिन बक्स फिलिङ | 158200.00 |
| विपद व्यवस्थापन | कंकाली इन्टरप्राइजेज तारजाली खरिद | 152000.00 |
| विपद व्यवस्थापन | कंकाली इन्टरप्राइजेज तार जाली खरिद | 149900.00 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | |
|---|---|---|---|---|
| ३२ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. २६९४०३५ का औषधि पटक पटक खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्ः<br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>• आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको<br>• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **छात्रवृत्ति बढी निकासा**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयहरुलाई छात्रवृत्तिबापत रकम निकासा गरेकोमा निम्नानुसारका विद्यालयहरुलाई बढी निकासा भएको रकम असुल हुनुपर्ने रु | ३३,९७० |
| ३४ | | | **स्वास्थ्य**<br>स्वास्थ्य तर्फ देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन । | |

Table within item ३३:

| गो.भौ.नं।मिति | विद्यालय | निकासा | वितरण भएको | बढी निकासा |
|---|---|---|---|---|
| १६०।०७८।३।१९ | शंखादेवी मा.वि. | ८२६६२ | ७६६०० | ६०६२ |
| | भंगेरी आ.वि. | २०१५४ | १७००० | ३१५४ |
| | रावलडाडा आ.वि. | ४८६०० | ४८००० | ६०० |
| | वितेश नि.मा.वि. | ४९४०० | ४८२०० | १२०० |
| | कालिका मा.वि. | ११५५०० | १०९००० | ६५०० |
| | गोइराङ आ.वि. | ७४४०० | ७१००० | ३४०० |
| | लालीगुरास आ.वि. | ९००० | ८००० | १००० |
| | राष्ट्रिय मा.वि. | ८९६५४ | ८७७०० | १९५४ |
| | जोगीमारा आ.वि. | ११७०० | १०८०० | ९०० |
| | आदर्श आ.वि. | २८२०० | १९७०० | ८५०० |
| | | | जम्मा | ३३२७० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th></th></tr>
<tr><td>३४.१</td><td></td><td></td><td>

**औषधिको लोगो–** पालिकाले खरिद गरेका औषधिहरूमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । पालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा निम्नानुसार रहेको देखियो ।

<table>
<tr><th>क्र.स</th><th>औषधिको नाम</th><th>म्याद समाप्त हुने मिति</th><th>निशुल्क वितरणको लोगो</th></tr>
<tr><td>१</td><td>paracetamol (500 mg)</td><td>Aug-23</td><td>not for sale</td></tr>
<tr><td>२</td><td>Ranitidine (150 Mg)</td><td>Mar-23</td><td>भएको</td></tr>
<tr><td>३</td><td>Amoxycillin ( 500 mg)</td><td>Aug. 2024</td><td>ins. supply only</td></tr>
<tr><td>४</td><td>Albendozole ( 400 mg)</td><td>Aug. 2024</td><td>भएको</td></tr>
<tr><td>५</td><td>Aspirin ( 150 mg )</td><td>Aug. 2022</td><td>भएको</td></tr>
</table>

**म्याद समाप्त औषधी -** लेखापरीक्षणलाई प्राप्त विवरणअनुसार यस वर्ष ट्याब आइरन ६००० , इन्जेक्सन मेग्निजम सल्फेट ३० एम्पुल र बालभिटा १ कार्टुन प्रदेश सरकारबाट हस्तान्तरण भइ आएकोमा म्याद भित्र वितरण नगरी म्याद समाप्त भएको देखियो ।म्याद भित्र औषधि वितरण नगर्दा एकातर्फ लाभग्राही सेवाबाट बञ्चित हुन जाने र अर्को तर्फ थप आर्थिक नोक्सानी व्यहोर्नुपर्ने अवस्था देखिन्छ । अतः म्याद भित्र औषधिहरु वितरण गर्ने र म्याद समाप्त भएका औषधीको उचित व्यवस्थापन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**काम नलाग्ने औषधी -** लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार प्रदेश सरकारबाट हस्तान्तरण भई आएका क्याल्सियम ४०० ट्याब र करिब १० हजार आइरन ट्याब फुलिएको अवस्थामा रही काम नलाग्ने भएको देखिन्छ । यस सम्बन्धमा सम्बन्धित सबैको ध्यान जानुपर्दछ ।

</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.२ | | | मापदण्डको पालना भएको- | ३७,२०० |

• **मापदण्डको पालना भएको-** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं ७.१.१५ मा तालिम, गोष्ठी सेमिनार लगायतका खर्चको मापदण्ड उल्लेख छ । सरकारी निकायले सो मापदण्डलाई आधार लिई खर्च गर्नु पर्ने व्यवस्था छ । उक्त निर्देशिकामा जिल्लाभित्रका २१ कार्यदिनसम्मको तालिम तथा गोष्ठीमा दैनिक सहभागी भत्ता रु.७०० हुने व्यवस्था छ । निम्नानुसारका तालिम तथा गोष्ठीमा उक्त खर्च मापदण्ड भन्दा बढी दरले सहभागी भत्ता भुक्तानी गरेकोले पालिकालाई थप व्ययभार परेको रु.

| बजेट उपशीर्षक | गो.भौ.नं | विवरण | बापत | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको | जना | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| संघीय सशर्त चालु | १११।०७८।२।१३ | १ दिने CBIMNCI समीक्षा कार्यक्रम | सहभागी भत्ता | ७०० | १००० | ३९ | ११७०० |
| | १३९।०७८।३।१४ | खोप कार्यक्रमको समीक्षा, सुक्ष्म योजना निर्माण अभिमुखिकरण | सहभागी भत्ता | ७०० | १००० | ३१ | ९३०० |
| | १७३।०७८।३।१९ | आखा,नाक,कान तथा घाटी सम्बन्धी प्राथमिक उपचार बारे पालिका स्तरीय अभिमुखिकरण गोष्ठी | सहभागी भत्ता | ७०० | १००० | १४ | ४२०० |
| | १८५।०७८।३।२२ | सुत्केरी घरभेट सम्बन्धि अभिमुखीकरण कार्यक्रम | सहभागी भत्ता | ७०० | १००० | १३ | ३९०० |
| | २५७।०७८।३।२८ | लघु उद्यम विकास कार्यक्रम | सहभागी भत्ता | ७०० | १००० | २७ | ८१०० |
| | | | | | | जम्मा | ३७२०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th></th></tr>
<tr><td>३५</td><td></td><td></td><td>कृषि तथा पशु सेवा<br>बढी दररेट - कृषि सूचना तथा प्रशिक्षण केन्द्र,ललितपुरद्धारा जारी कृषि तथा पशुपन्छी डायरीमा नेट हाउस भित्रको बिजु कागतीको दर रु.३० रहेको छ । पालिकाले निम्नानुसारका कृषि बिरुवा खरिदमा सरकारी नम्स भन्दा बढी दरमा भुक्तानी गरेकोले रु.१५६००० बढी व्ययभार परेको रु.
<table>
<tr><th>बजेट उपशीर्षक</th><th>गो.भौ.नं</th><th>विवरण</th><th>सरकारी दररेट</th><th>पालिकाले खरिद गरेको दररेट</th><th>परिमाण</th><th>बढी व्ययभार</th></tr>
<tr><td>गापा पूजीगत</td><td>९३।२०७७।६।२०</td><td>नेट हाउस भित्रको बिजु कागती</td><td>३०</td><td>३८</td><td>७०००</td><td>५६०००</td></tr>
<tr><td>गापा पूजीगत</td><td>२८१।०७८।३।२४</td><td>सुन कागती</td><td>३०</td><td>४०</td><td>१००००</td><td>१०००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१५६०००</td></tr>
</table></td><td>१५६,०००</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>लघुउद्यम तर्फ देखिएका व्यहोराहरु निम्नानुसार छन ।</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३६.१ | | | **प्रविधि हस्तान्तरण तर्फ**- गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ४१ (१) मा प्रविधि हस्तान्तरण गर्दा अनुसुची १३ बमोजिम उद्यमीसंग सम्झौता गरि उपलब्ध गराउने र ४१(३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा २०% रकम जम्मा गर्न लगाइ बढीमा ८०% रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले प्रविधि हस्तान्तरणतर्फ निम्नानुसारका भौचर नं मार्फत आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने रकमको शत प्रतिशत भुक्तानी गरेकोले थप व्ययभार परेको रु | १७१,८८५ |

| बजेट उपशीर्षक | गो.भौ.नं/ मिति | खर्च शीर्षक | विवरण | रकम | उपभोक्ताको योगदान |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | २०.००% |
| संघीय | २४६। ०७८।३। २८ | प्रतिस्पर्धामा छनोट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थामार्फत लघुउद्यम विकास मोडेलमा नया लघु उद्यमी सिर्जना गर्ने (प्रविधि हस्तान्तरण) | २६ वटा बाख्रा खरिद गरि वितरण | २५०००० | ५०००० |
| सशर्त चालु | २५२। ०७८।३। २८ | प्रतिस्पर्धामा छनोट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थामार्फत लघुउद्यम विकास मोडेलमा नया लघु उद्यमी सिर्जना गर्ने (प्रविधि हस्तान्तरण) | २६ वटा पाठी र २ ब्याड बोका वितरण | २७२१७५ | ५४४३५ |
| सशर्त चालु | २४५। ०७८।३। २८ | प्रतिस्पर्धामा छनोट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थामार्फत लघुउद्यम विकास मोडेलमा नया लघु उद्यमी सिर्जना गर्ने (प्रविधि हस्तान्तरण) | उद्यम सहयोगी सप्लायर्ससंग प्रविधि हस्तान्तरण सम्बन्धी सामाग्रीहरु खरिद गरि उद्यमीलाइ वितरण गरेको | ३३७२४८ | ६७४५० |
| | | | जम्मा | ८५९४२३ | १७१८८५ |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | |
|---|---|---|---|---|
| ३६.२ | | | **फरक शीर्षक पारी खर्च लेखेको-** एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या,२०७४ मा खर्च शीर्षक उल्लेख भएकोमा सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका खर्चहरु फरक शीर्षकमा खर्च लेखी रु.२४६४४० भुक्तानि दिएकोले नियमसंगत नदेखिएको रु | २४६,४४० |

| बजेट उपशीर्षक | भौ.नं/मिति | विवरण | खर्च लेखेको शीर्षक | खर्च लेख्नुपर्ने शीर्षक | रकम |
|---|---|---|---|---|---|
| संघीय सशर्त चालु | १०७। ०७८।१। २७ | लघुउद्यम सहजकर्ताको वैशाख महिनाको तलब निकासा | प्रतिस्पर्धामा छनोट भएका व्यवसाय विकास सेवा प्रदायक संस्था मार्फत उद्यमीको स्तरोन्नति | प्रतिस्पर्धामा छनोट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत नया लघु उद्यमी सिर्जना गर्ने | ५३२२० |
| | २५८। ०७८।३। २८ | लघुउद्यम सहजकर्ताको आषाढ महिनाको तलब निकासा | प्रतिस्पर्धामा छनोट भएका व्यवसाय विकास सेवा प्रदायक संस्था मार्फत उद्यमीको स्तरोन्नति | प्रतिस्पर्धामा छनोट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत नया लघु उद्यमी सिर्जना गर्ने | ५३२२० |
| | २५०। २०७८।३। २८ | सिलाई कटिङ तालिम संचालन | ५ जनाको समुहमा प्रविधि हस्तान्तरण | प्रतिस्पर्धामा छनोट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत नया लघु उद्यमी सिर्जना गर्ने | १४०००० |
| | | | | जम्मा | २४६४४० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>

**नर्म्स भन्दा बढी भुक्तानी**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका को बुँदा नं. ७.१.१५ मा तालिम, गोष्ठी सेमिनार लगायतका खर्चको मापदण्ड उल्लेख छ । सरकारी निकायले सो मापदण्डलाई आधार लिई खर्च गर्नु पर्ने व्यवस्था छ । उक्त निर्देशिकामा जिल्ला तथा नगरपालिका स्तरीय तालिम, गोष्ठी र कार्यशालामा सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम पाउने र कार्यपत्र कम्तीमा ७५० शब्दको हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले संचालन गरेको विभिन्न कार्यक्रमहरुमा प्रशिक्षक भत्ता रु. १७४०००।- भुक्तानी देखिएकोले थप व्ययभार परेको रु.

<table>
<tr><th>बजेट उपशीर्षक</th><th>गो.भौ.न.</th><th>कार्यक्रम</th><th>बापत</th><th>सेसन</th><th>नर्म्स अनुसार</th><th>भुक्तानी भएको</th><th>बढी भुक्तानी दर</th><th>रकम</th></tr>
<tr><td>गाँउपालिका चालु</td><td>११७-१०।१३</td><td>मेलमिलाप सम्वन्धी आधारभुत तालिम</td><td>प्रशिक्षक</td><td>४०</td><td>१०००+४००=१४००</td><td>३५००</td><td>२१००</td><td>८४०००</td></tr>
<tr><td>गाँउपालिका चालु</td><td>११७-१०।१३</td><td>मेलमिलाप सम्वन्धी आधारभुत तालिम</td><td>सहायक प्रशिक्षक</td><td>१८</td><td>७००+६००=१३००</td><td>३५००</td><td>२२००</td><td>३९६००</td></tr>
<tr><td>गाँउपालिका चालु</td><td>११७-१०।१३</td><td>मेलमिलाप सम्वन्धी आधारभुत तालिम</td><td>सहायक प्रशिक्षक</td><td>१७</td><td>७००+६००=१३००</td><td>३५००</td><td>२२००</td><td>३७४००</td></tr>
<tr><td>गाँउपालिका चालु</td><td>११७-१०।१३</td><td>मेलमिलाप सम्वन्धी आधारभुत तालिम</td><td>सहायक प्रशिक्षक</td><td>५</td><td>७००+६००=१३००</td><td>३५००</td><td>२२००</td><td>११००</td></tr>
<tr><td>गाँउपालिका चालु</td><td>११७-१०।१३</td><td>प्रतिवेदन</td><td></td><td>१</td><td>३०००</td><td>५०००</td><td></td><td>२०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१७४०००</td></tr>
</table>

</td><td>१७४,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>

**बिधालयलाई अनुदान**

गाँउपालिकाले अनुदान दिने रकम निर्देशिका तथा मापदण्ड बमोजिम हुनुपर्दछ । पालिकाबाट अनुदान सम्वन्धी कुनै निर्देशिका तथा मापदण्ड तयार गरेको देखिएन । पालिकाले शंखादेवी मा.वि. लाई रु ३००००००।- जग्गा खरिद गर्नका लागि अनुदान दिएको देखियो । जग्गा खरिदमा अनुदान दिने व्यवस्था देखिदैन । यस सम्वन्धमा स्पष्ट हुनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>३९</td><td></td><td>२०७८-११-२३</td><td>

**रेडक्रसलाई अनुदान**

गाँउपालिकाको, गाँउसभाबाट नेपाल रेडक्रस सोसाईटी धादिङलाई रु १० लाख वजेट विनियोजन गरी कार्यपालकाको मिति ०७८।०३।०९ को निर्णय अनुसार अनुदान सहायता दिएको देखियो । पालिका अन्तर्गतका नागरिकलाई निशुल्क रगत उपलव्ध गराउने उदेश्यले पालिकाबाट एकमुष्ठ अनुदान निकासा मात्र दिएको देखिन्छ । यस्तो अनुदान दिने नीतिमा मापदण्ड स्पष्ट हुनुपर्दछ ।

</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>
प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ देखिएका व्यहोराहरु निम्नानुसार छन ।<br>
स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । पालिकाले यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो बाटो निर्माण,सडक सोलिङ तथा नाली निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १४१ जनालाई १० वटा योजनाहरुमा रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा रु.७२१५२४५ र प्रशासनिक खर्चमा रु.९३२६३० गरी कुल रु.८१४७८७५ खर्च लेखेको छ । लक्षित वर्गलाई कम्तीमा ८८ दिन देखि बढीमा १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।<br><br>
क) कार्यविधिको पालना- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ माको दफा ६(१) मा प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ ।पालिकाले प्रधानमन्त्री रोजगार अन्तरगतका विभिन्न आयोजनाहरुमा लागत अनुमान तयार गर्दा विभिन्न कार्यहरुमा कामदारहरु र निर्माण सामाग्रीहरु समेत राखी नम्स तयार गरि भुक्तानी गरेको छ । पालिकाले आगामी दिनमा श्रमिकको ज्यालामा मात्रै भुक्तानी हुने नम्स तयार गरी लागत अनुमान तयार गरी कार्यवधिको पालनातर्फ जोड दिनुपर्दछ । केही उदाहरणहरु
<table>
<tr><th>योजना</th><th>विवरण</th><th>कामको परिमाण</th><th>जम्मा दररेट</th><th>कामदार रकम</th><th>निर्माण सामाग्री</th></tr>
<tr><td>सिमटार जरुङ बाटो निर्माण</td><td>ग्याबिन बक्समा ढुंगा भर्ने</td><td>११० घ.मि.</td><td>२७९१.९९</td><td>१०३४</td><td>१७५८</td></tr>
<tr><td>सोला भन्ज्याङ भान्द्र कृषि सडक निर्माण</td><td>माटो पुर्ने कार्य</td><td>१७९.३१ घ.मि.</td><td>५५८.५</td><td>१२९.२५</td><td>३८३.५</td></tr>
</table>
</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
सवारी साधन भाडा खर्च<br>
गाँउपालिकाले सम्झौता र पालिकाको निर्णयनुसार यस वर्ष एउटा गाडीको मासिक भाडा सम्झौतागरी मासिक रु १२००००।- का दरले बार्षिक रु १४४००००।- सवारी साधन भाडा वापत भुक्तानी गरेको देखिन्छ । पालिकाबाट यस्तो खर्च गर्दा प्रतिस्पर्धात्मक विधिबाट सेवा प्राप्त गरी खर्चमा मितव्याईता कायम गर्नु पर्दछ ।
</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **ननफाइलर**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु२५४५८ समेत रु.२२४०५०७ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु. | ३९,९३८ |

| बजेट उपशीर्षक | गो.भौ.नं | सप्लायर्स | पान नं | बिल नं.।मिति | बिल रकम | भ्याट भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| संघीय सशर्त चालु | ९४।०७७।६।२२ | भिजन ट्रेडिङ एडं कन्स्ट्रक्सन प्रालि | ६०३५६१३८३ | ५६०।२०७६।११।२३ | ५३५५० | ६१६१ | २०७६।M।२ |
| संघीय सशर्त चालु | ९४।०७७।६।२२ | भिजन ट्रेडिङ एडं कन्स्ट्रक्सन प्रालि | ६०३५६१३८३ | ५५८।२०७६।११।१३ | २९३६०३ | ३३७७७ | २०७६।M।२ |
| | | | | जम्मा | ३४७१५३ | ३९९३८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य**<br>उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य तर्फ देखिएका व्यहोराहरु निम्नानुसार छन । | |
| ४३.१ | | | **हेभी इक्विपमेण्टको प्रयोग** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ ।पालिकाले अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनामा डिटेल इस्टिमेटमा नै नरम तथा कडा माटो खन्ने कार्यमा हेभी इक्विपेण्टको दर राखी लागत अनुमान तयार गरी उपभोक्ता समितीमार्फत निर्माण कार्य गराएको पाइयो ।जसअनुसार उपभोक्ता समिती मार्फत संचालित केही योजनाहरुमा लागत अनुमानको शत प्रतिशत रकम हेभी इक्विपमेण्ट प्रयोग गरी भुक्तानी गरेको देखिएकोले उक्त योजनाहरुमार्फत रोजगारी सिर्जना भएको समेत देखिदैन । उपभोक्ता समिति तथा लाभग्राही समुदायबाट रोजगारी सिर्जना गर्ने श्रममुलक निर्माण कार्यमात्र गराउन सकिने व्यवस्था भएकोले उपभोक्ता समिती मार्फत संचालन हुने योजनाहरुमा हेभि इक्विपमेण्टको प्रयोगलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । केही उदाहरणहरु | |

| बजेट उपशीर्षक | गो.भौ.नं | योजना/उ.स. | कार्यसम्पन्न रकम | विवरण | सप्लायर्स | बिल रकम |
|---|---|---|---|---|---|---|
| गापा पूजीगत | ११।०७७।४।३० | ताप्रे गालवाङ्दी सडक नि. | ५५८९०२ | स्काभेटर प्रयोग | जंगलादेवी कन्स्ट्रक्सन एडं सप्लायर्स | ५९८३१७ |
| गापा पूजीगत | ४२।०७७।५।१५ | दुम्लिङ सडक उ.स. | ५४८१०४ | स्काभेटर प्रयोग | पि कन्स्ट्रक्सन एडं हेभि इक्युपमेन्ट प्रालि | ५५५०८० |
| गापा पूजीगत | १०७।०७७।७।४ | वडा नं ९ को सम्पूर्ण मर्मत सम्भार उ.स. | १८३५०७० | स्काभेटर प्रयोग | गौरिका कन्स्ट्रक्सन एवं जोगिमारा कन्स्ट्रक्सन | १८३५०७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय |
|---|---|---|---|

**जटिल संरचना-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन,औजार उपकरणहरु आवश्यक नपर्ने , श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सी.सी. फ्रेमस्ट्रक्चर सहितका भवन तथा सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्षहरु समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिमार्फत संचालन गरेको पाइयो । यस्ता कार्यहरु व्यवसायिक एवं अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धामार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्।

| बजेट उपशीर्षक | गो.भौ.नं | योजना/उ.स. | लागत अनुमान | कार्यसम्पन्न रकम |
|---|---|---|---|---|
| गापा पूजीगत | ३।०७७।४।२८ | मझिमटार डिपबोरिङ खानेपानी योजना उ.स. | ७९३७७७० | ७९८५९१४ |
| | १२९।०७७।८।१० | विशालटार सिचाइ योजना | ५६१५६८ | ५६१५६८ |
| | ८०।२०७७।६।४ | जलदेवी सामुदायिक भवन | ६२८००० | ६२८००० |

**उपभोक्ता समिति मार्फत सामाग्री खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ र नियमावली,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति तथा लाभग्राही समुदायबाट रोजगारी सिर्जना गर्ने श्रममुलक निर्माण कार्यमात्र गराउन सकिने व्यवस्था छ । पालिकाले नियमावली विपरित उपभोक्ता समिती वा लाभग्राही समुदायमार्फत खानेपानी पाइप,ग्याबिन बक्स, फर्निचर, सिमेण्ट लगायतका सामाग्रीहरु खरिद गरेकोले नियमसंगत देखिएन । पालिकाले उपभोक्ता समितिमार्फत खरिद कार्यमा नियन्त्रण गर्नुपर्दछ ।केही उदाहरणहरु

| बजेट उपशीर्षक | भौ.नं।मिति | योजना/उ.स. को नाम | विवरण | रकम |
|---|---|---|---|---|
| गापा पूजीगत | ३३१।०७८।३।२८ | साईछाप गौमती पिप्ले वोजे खानेपानी मर्मत पाइप हिलटंकी उ.स. | पानी ट्याङ्की खरिद ४१ वटा | ३२१७०० |
| गापा पूजीगत | ६०।२०७७।५।१५ | भुमेस्थान खानेपानी नि.उ.स. | विभिन्न साइजका एचडीइपी पाइपहरु | १९३७९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.२ | | | **बढी नम्सको प्रयोग-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। नम्सको प्रयोग गर्दा किफायती नम्स प्रयोग गरि सरकारी साधनको मितव्ययी प्रयोग गरिनुपर्छ । पालिकाले उपभोक्ता समितिमार्फत संचालन गरिने निर्माण कार्यमा डोलिडारको नम्स प्रयोग गरेको पाइयो । दरविश्लेषणलाई आधार मान्दा आर सी सी कार्य (१:१.५:३) कार्यका लागि डोलिडारको भन्दा सडक तथा ब्रिजका लागि स्वीकृत नम्स २०७५ किफायती देखिन्छ ।नमुना छनोटका आधारमा लेखापरीक्षण गर्दा पालिकाले किफायती नम्स प्रयोग नगरी फरक नम्स प्रयोग गरि स्वीकृत लागत अनुमान एवं कार्यसम्पादन प्रतिवेदन तयार गरि भुक्तानी गरेबाट पालिकालाई थप व्ययभार परेको देखिन्छ । केही उदाहरणहरु | |

| बजेट उपशीर्षक | भौ.नं./मिति | योजना/उ.स. | विवरण | पालिकाले प्रयोग गरेको नम्स अनुसार | सडक नम्स अनुसार | कामको परिमाण | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| संघीय सशर्त चालु | २५३।०७८।३।२८ | बडघारी चरौदी गजुवा कुलो नि.उ.स. | आर सी सी कार्य (१:१.५:३) | १५९७५.८५ | १३२८४।६१ | २५.३५ घ.मि. | ६८२२३ |
| प्रदेश पुर्वाधार विकास कार्यक्रम | २३।०७८।३।२४ | लवाङ तथा जरुङ खानेपानी आयोजना उ.स. | आर सि सी<br>फर पी.सी.सी. (१:१.५:३) | १८१४५ | १६८४२.१७ | ५.८९ घ.मि. | ७६७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.४ | | | बिलभरपाई- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (११) र ९७ (६) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकबाट जाँचपास गराउने र हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, बिलभरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका योजनाहरुमा कार्यसम्पन्न प्रतिवेदन मूल्याङ्कन गरेको रकम भन्दा उपभोक्ता समितिले निर्माण सामाग्री कम खरिद गरेको बिलभरपाइ पेश गरेको पाइयो । जसले गर्दा तोकिएको गुणस्तरमा कार्य भएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन ।यसरी कार्यसम्पन्न प्रतिवदेन मूल्याङ्कन भन्दा कम बिल पेश भइ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | ४४,६८६ |

| बजेट उपशीर्षक | भौ.नं।मिति | योजना/उ.स. को नाम | निर्माण सामाग्री | कार्यसम्पन्न अनुसार प्रयोग भएको परिमाण | खरिद परिमाण | फरक | दर(भ्याट सहित) | रकम |
|---|---|---|---|---|---|---|---|---|
| संघीय सशर्त चालु | २१८।०७८।३।२५ | श्री कृषक सुधार सहकारी संस्था ट्रस भवन नि.उ.स. | रड | ४०१५ केजी | ३७१५ केजी | ३०० | ११५.९५ | ३४७८५ |
| गापा पूजीगत | ४।०७७।४।२८ | सलाङ्घाट सितलबजार खानेपानी उ.स. | एचडीइपी पाइप | ४०० मिटर | ३०० मिटर | १०० मिटर | ३९.६६ | ३९६६ |
| गापा पूजीगत | २९३।०७८।३।२६ | ब्रोम्दी च्यात्राक होबाङ न्याम्जिराङ लवाङ खानेपानी मर्मत उ.स. | २५ एम एम १० केजी एचडीइपी पाइप | ५०० मिटर | ४०० मिटर | १०० मिटर | ५९.३५ | ५९३५ |
| | | | | | | | जम्मा | ४४६८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय |
|---|---|---|---|
| ४४ | | | अनुगमन तथा सम्परीक्षण |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

( रु हजारमा )

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ६३८०६ | २०८९६ | ४२९१० |

(क) यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | बेरुजु दफा नं. | बेरुजु व्यहोरा | असुली | प्रमाण | नियमित | पेश्की | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| १ | 2075/076 | 27 | पेश्की टेकनाम खा.पा योजना | ० | ० | ० | 400000 | 400000.00 |
| | 2076/077 | 2 | | | | 15298545 | | 15298545.00 |

| | | | | |
|---|---|---|---|---|
| ४३.३ | | | **बढी भुक्तानी**- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितीमार्फत संचालन हुने योजनाहरुमा लागत अनुमानमा निर्माण सामाग्रीहरुमा जिल्ला दररेट भन्दा बढी दर राखी कार्यसम्पादन प्रतिवेदन तयार गरी भुक्तानी गरेको पाइयो । नमुना छनोटका आधारमा लेखापरीक्षण गर्दा निम्नानुसारका योजनाहरुमा निर्माण सामाग्रीहरुमा जिल्ला दररेट भन्दा बढी दरमा भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी रकम असुल हुनुपर्ने रु. | २७७,६५४ |

| गो.भौ.नं/ मिति | कार्यक्रम | कार्य सम्पन्न | विवरण | जिल्ला दर रेट अनुसार | पालिकाको नम्स अनुसार | फरक रु. | कामको परिमाण | प्रयोग भएको परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (भ्याट सहित) | (भ्याट सहित) | | | | |
| २५३।०७८। ३।२८ | वडघारी चरौदी गजुवा कुलो नि.उ.स. | ५४६९५३ | पी.सी.सी. (१:१।५:३) मा सिमेन्ट | ८९८.३५ | ९४१.२९ | ४२.९४ | २५.३५ घ.मि. | २०३ ब्याग | ८७१७ |
| २९।०७८। ३।२४ | जनज्योति बहुउदेश्यीय सहकारी संस्था भ.नि.उ.स. | १०७७९९६ | पी.सी.सी. (१:१।५:३) मा सिमेन्ट | ८९८.३५ | ९४१.२९ | ४२.९४ | २४.६४ घ.मि. | १९७ ब्याग | ८४५९ |
| २३।०७८। ३।२४ | लवाङ तथा जरुङ खानेपानी आयोजना उ.स. | १५२५४७७ | २५ एम एम जी आई पाइप मिडीयम क्लास | ३७१।०१ | ६६०.४२ | ९०० मिटर | | | २६०४७८ |
| | | | | | | | | जम्मा | २७७६५४ |


https://nams.oag.gov.np

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | | | बैंक हिसाब मिलान तयार नगरेको | ० | ० | | ० | |
| ३ | 2076/077 | 2.2 | हिसाब फरक | ० | 55042.26 | ० | ० | 55042.26 |
| ४ | 2076/077 | 26 | शीर्षक फरक | 320000 | | ० | ० | 320000.00 |
| ५ | 2076/077 | 27 | अनुदानको अनुगमन प्रतिवेदन तथा प्रमाण पेश नभएको | ० | 1950000 | ० | ० | 1950000.00 |
| ६ | 2076/077 | 42.1 | मु.अ.कर समायोजन टंक निर्माण सेवा | ० | 73541 | ० | ० | 73541.00 |
| ७ | 2076/077 | 53.1 | दाखिला एवं वितरण प्रमाण पेश नगरेको | ० | 1565722 | ० | ० | 1565722.00 |
| ८ | 2076/077 | 55.2 | कार्यालय भवन निर्माण उ.स. को प्रमाण | ० | 239200 | ० | ० | 239200.00 |
| ९ | 2076/077 | 40 | मू.अ. कर दाखिला | 758620 | ० | ० | ० | 758620.00 |
| १० | 2076/077 | 10 | वैठक भत्ता | 107000 | ० | ० | ० | 107000.00 |
| ११ | 2076/077 | ३३ | बढी मूल्याङ्कन | १०३४१८.८५ | ० | ० | ० | 103418.85 |
| १२ | 2076/077 | ३२ | शिर्षक फरक पारी खर्च | २४८५० | ० | ० | ० | 24850.00 |
| जम्मा | | | | 993888.85 | 3828463 | 4726051.85 | 4726051.85 | 20895939.11 |

(ख)अद्यावधिक बेरुजु - यस पालिकाको २०७७।७८ सम्मको फर्छ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः

( रु हजारमा )

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | सम्परीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ६३८०६ | २०८९६ | २२३०९ | 0 | ६५२१९ |



https://nams.oag.gov.np